म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २०४ बुधबार, २७ फागुन २०८२ ने. सं. ११४६ चिल्लागा 11 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गाँजा सहित २ जना पक्राउ

हेटौंडा, २६ फागुन/मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ । सोमबार मनहरी गाउँपालिका-८, सिमपानीमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीटोलीले देउकोटबाट सिमपानीतर्फ जाँदै गरेको बा प्र ०३-००१ ह २०७६ नम्बरको अटोबाट गाँजा फेलापरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीले गाँजासहित मकवानपुरको राक्सिराङ गाउँपालिका-६ का ३३ वर्षीय सन्तसिंह लामा र राक्सिराङ-२ का ३० वर्षीय सन्तवीर मोक्तानलाई पक्राउ गरेको हो । प्रहरीले १० वटा पोकामा एकसय ७ किलो ९ सय ग्राम लागूऔषध गाँजा बरामद गरेको जनाएको छ । अटोसहित दुवै जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय मनहरीमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### कांग्रेस र नेकपाको भागमा १-१ सिट, एमाले शुन्य

# बागमतीको ३३ मध्ये रास्वपाले ३१ सिट जित्यो

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ ३३ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको बागमती प्रदेशमा ३३ सिटमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) एक्लैले ३१ सिट जितेको छ ।

संघीय संरचना लागू भएपछि पहिलोपटक एउटै दलले ३३ सिटमा ३१ सिट जितेर रास्वपाले नयाँ इतिहास बनाएको हो । बाँकी दुईक्षेत्रमा नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले १-१ सिट जिते । २०७९ को निर्वाचनमा कूल सिट संख्याको आधारमा देशकै दोस्रो ठूलो र समानुपातिकमा पहिलो ठूलो दल नेकपा एमाले भने बागमतीमा शून्य बन्न पुग्यो । बागमतीमा काठमाडौं उपत्यकाको तीनसहित १३ वटा जिल्ला छन् । काठमाडौं जिल्लामा निर्वाचन क्षेत्र १० वटा, ललितपुरमा ३, भक्तपुरमा २, चितवनमा ३, धादिङमा २, नुवाकोटमा २, काभ्रेमा २, मकवानपुरमा २, सिन्धुलीमा २, सिन्धुपाल्चोकमा २, दोलखामा १, रामेछापमा १ र रसुवामा १ निर्वाचन क्षेत्र रहेको छ ।

रसुवामा नेपाली कांग्रेसबाट मोहन आचार्यले निर्वाचन जिते । आचार्यले १० हजार ६ ५६ मत ल्याउँदा रास्वपाका बसन्त भट्ट ५ हजार ५७१ मतसहित दोस्रो भए । आचार्यले अघिल्लो निर्वाचन पनि जितेका थिए । यस्तै, सिन्धुपाल्चोक-२ बाट नेकपाका युवराज दुलाल २१ हजार ६९९ मतसहित निर्वाचित भए । यहाँ भने रास्वपाका झलककुमार श्रेष्ठ १४ हजार १९ मतसहित चौथो स्थानमा खुम्चिए । रास्वपाले यी दुई क्षेत्रबाहेक बाँकी सबैमा जित्यो । रास्वपाबाट निर्वाचित हुने अधिकांश ५० वर्ष उमेर मुनिका छन् ।



सबैभन्दा कान्छा सांसद मकवानपुरका २५ वर्ष ९ महिनाका प्रशान्त उप्रेती छन् । बागमतीबाट ३३ जना प्रतिनिधिसभा सदस्य निर्वाचित हुँदा ४ जना मात्रै महिला निर्वाचित भएका छन् । चितवनबाट सोविता गौतम, काठमाडौंबाट रञ्जु दर्शना (न्यौपाने), ललितपुरबाट तोसिमा कार्की धादिङबाट आशिका तामाङ छन् ।

**२०७९ र ०७४ को निर्वाचनमा कूल दलको शक्ति कति ?**

२०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा बागमतीको ३३ क्षेत्रमा नेपाली कांग्रेसले सबैभन्दा धेरै १३ सिट जितेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ७, तत्कालीन नेकपा माओवादी केन्द्रले ५, नेकपा एमालेले ४, राप्रपाले २, नेकपा (एकीकृत समाजवादी) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले समान १-१ सिट जितेका थिए । काठमाडौंको १० निर्वाचन क्षेत्रमा कांग्रेसले ५, रास्वपाले ४ र एमालेले १ सिट मात्रै जितेको थियो । ललितपुरको ३ क्षेत्रमा कांग्रेस, एमाले र रास्वपाले १-१ सिट जिते । चितवनको ३ क्षेत्रमा २ सिट रास्वपा र १ सिट राप्रपाले जितेको थियो ।

सिन्धुलीमा कांग्रेस र माओवादी, रामेछापमा कांग्रेस, दोलखामा माओवादी, सिन्धुपाल्चोकमा कांग्रेस र माओवादी, काभ्रेमा एमाले र माओवादी, भक्तपुरमा कांग्रेस र नेमकिपा, नुवाकोटमा कांग्रेस र माओवादी, रसुवामा कांग्रेस, धादिङमा कांग्रेस र नेकपा (एकीकृत समाजवादी) र मकवानपुरमा एमाले र राप्रपाले जितेका थिए । यसैगरी, २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमालेले मात्रै २० स्थानमा जित निकालेको थियो । तत्कालीन नेकपा माओवादी केन्द्रले ७ वटा सिट जितेको थियो । यो निर्वाचनमा एमाले र माओवादीको एकता पछि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेर चुनावमा सहभागी भएका थिए ।

२०७८ मा नेकपा विभाजन हुन पुग्यो र सर्वोच्च अदालतको आदेशसँगै एमाले र माओवादी पुरानै हैसियतमा फर्किए । तत्कालीन नेकपासँग भिडेको नेपाली कांग्रेसले जम्मा ५ वटा क्षेत्रमा मात्र जित निकाल्न सकेको थियो । भक्तपुर-१ म भने नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले जित निकालेको थियो ।

**२०८२ मा कसले कहाँबाट जिते ?**

यो निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले, तत्कालीन माओवादी र नेपाल मजदुर किसान पार्टीले वर्षौंदेखि जित्दै आएका क्षेत्र रास्वपाले खोसेको छ । काठमाडौं उपत्यका (ललितपुर र भक्तपुर सहित)को १५ वटै सिट रास्वपाले कब्जामा लियो । दोलखा-१ बाट रास्वपाका जगदीश खरेलले चुनाव जिते । उनी अघिल्लो निर्वाचनमा पराजित भएका थिए । रामेछाप-१ मा रास्वपाका कृष्णहरि बुढाथोकी निर्वाचित भए ।

सिन्धुली-१ मा रास्वपाकै धनेन्द्र कार्की, सिन्धुली-२ मा रास्वपाका आशिष गजुरेल विजयी भए । रसुवा-१ मा कांग्रेसका मोहन आचार्य, धादिङ-१ मा रास्वापाकी आसिका तामाङ, धादिङ-२ मा रास्वपाकै वोधनारायण श्रेष्ठ, नुवाकोट-१ मा रास्वपाका विक्रम तिमिल्सिना, नुवाकोट-२ मा रास्वपाका अचुत्तम लामिछाने निर्वाचित भएका छन् । १० वटा निर्वाचन क्षेत्र रहेको काठमाडौंमा सबै रास्वपाका उम्मेदवार विजयी भए । काठमाडौं-१ मा रञ्जु दर्शना, २ मा सुनील केसी, ३ मा राजुनाथ पाण्डे, ४ मा पुकार बम, ५ मा सस्मित पोखरेल, ६ मा शिशिर खनाल, ७ मा गणेश पराजुली, ८ मा विराजभक्त श्रेष्ठ, ९ मा डोलप्रसाद अर्याल र १० मा प्रदीप विष्ट निर्वाचित भएका छन् ।

जसमध्ये अर्याल, खनाल, पराजुली र श्रेष्ठ दोस्रोपटक संसदयात्रा गर्दैछन् । बाँकी सबैले पहिलोपटक संसदयात्रा तय गरेका हुन् । ललितपुरको १ नम्बर क्षेत्रमा बुद्धरत्न महर्जन, २ बाट जगदीश खरेल र ३ बाट तोसिमा कार्की विजयी भए । अघिल्लो निर्वाचनमा ३ नम्बर क्षेत्रमा रास्वा र १ र २ मा क्रमश: कांग्रेस र एमालेका उम्मेदवार विजयी भएका थिए । भक्तपुर-१ मा पनि रुकेश रञ्जित र २ नम्बर क्षेत्रमा रास्वपाका राजीव खत्री विजयी भए । काभ्रे-१ मा रास्वपाका मधुकुमार चौलागाईं, काभ्रे-२ मा रास्वपाकै बदनकुमार भण्डारी, सिन्धुपाल्चोक-१ मा रास्वपाका भरतप्रसाद पराजुली, सिन्धुपाल्चोक-२ मा नेकपाका युवराज दुलाल विजयी बने ।

मकवानपुर-१ बाट रास्वपाका प्रकाश गौतम र मकवानपुर-२ मा रास्वपाका प्रशान्त उप्रेती निर्वाचित भए । चितवनको तीनवटै क्षेत्र रास्वपाले जितेको छ । चितवन-१ मा हरि ढकाल, चितवन-२ मा रवि लामिछाने, चितवन-३ मा सोविता गौतम निर्वाचित भएका हुन् ।

# संसद भवन निर्माणाधीन, बैठक अनिश्चित



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ फागुन २१ मा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनको मतगणना सम्पन्न भएको छ । निर्वाचित जनप्रतिनिधि बस्ने निर्माणाधीन संसद भवन सम्पन्न हुने समय अझै निश्चित छैन ।

संसद् भवनको निर्माणकार्य समयमा सम्पन्न हुन नसकेपछि प्रतिनिधिसभाको बैठक संसद् परिसरमा रहेको बहुउद्देश्यीय हलमा अस्थायीरुपमा सञ्चालन गर्ने तयारी गरिएको छ । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार निर्माणाधीन संसद बैठककक्ष तयार हुन समय लाग्ने भएकाले वैकल्पिक व्यवस्था गर्न लागिएको हो । पटकपटक म्याद थप गर्दै निर्माण गरिएको संसद भवन सरकारले चैत १ मा संसद सचिवालयलाई जिम्मा लगाउने तयारी गरेपनि निर्माणमा ढिलाई हुँदा विकल्प खोज्नुपर्ने परिस्थितिमा सचिवालय पुगेको हो ।

सहरी विकास तथा भवन निर्माण विभाग र ठेकेदारबीच छलफल गरी बहुउद्देश्यीय हललाई अस्थायीरुपमा प्रयोग गर्ने र छिटोभन्दा छिटो मुलभवन सम्पन्न गर्ने तयारी भइरहेको सचिवालयले जानकारी दिएको छ । गिरिले बहुउद्देशीय हलमा नै साँसदहरुलाई शपथग्रहण गराउने र संसदको केही बैठक गर्ने तयारी गरिएको छ । यो भवनमा अहिले काम तीब्ररुपमा नै भइरहेको देखिए पनि सम्पन्न हुन भने नसकेको हो । निर्माण चाँडै सक्न आफूहरुले नियमित अनुगमन र निरीक्षण गरि रहेको संसद सचिवालयले जनाएको छ । पूरानो संसद भवनमा भदौ २४ गते युवाले आगजनी गरी ध्वस्त गरिदिएका छन् ।

सरकार गठनका लागि भने नेपालको संविधानको धारा ९३ (१) अनुसार प्रतिनिधिसभाको निर्वाचनको अन्तिमपरिणाम घोषणा भएको मितिले ३० दिनभित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ । आयोगले राष्ट्रपतिलाई प्रतिवेदन बुझाएपछि नयाँ सरकार गठनको प्रक्रिया औपचारिकरुपमा सुरु हुनेछ । संविधानको धारा ७६ बमोजिम राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रत्यक्षतर्फ १२५ स्थानमा विजय हासिल गरेको छ भने समानुपातिक तर्फ पनि ५० लाखभन्दा बढी मत प्राप्त गरिसकेकोले एकल सरकार हुने निश्चित छ ।

### प्रेस काउन्सिललाई पत्रकार महासंघले भन्यो:

# महिलाद्वारा सञ्चालित मिडियालाई वर्गीकरणमा प्राथमिकता दिइयोस्



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले महिला पत्रकारले संचालन गरेका मिडियालाई वर्गीकरणमा प्राथमिकता दिन प्रेस काउन्सिल नेपालसँग आग्रह गरेकी छिन् ।

मंगलवार काठमाडौंमा आयोजित पत्रकार महिलाका लागि सुरक्षित इकोसिष्टम र समावेशी नेतृत्व विषयक अन्तरक्रियामा उनले यो आग्रह गरेकी हुन् । अध्यक्ष शर्माले नीति निर्माणको तहमा लैंगिकमैत्री दृष्टिकोण राख्नेहरु भएमात्रै महिला पत्रकारमैत्री वातावरण बन्नसक्ने अवस्था रहेको बताइन् । उनले महिला पत्रकार सुरक्षित इकोसिष्टमका लागि उनीहरुको घर बाटै अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइन् । महिला पत्रकारलाई काम गर्ने वातावरण बनाउने काममा उनीहरुको घरले विशेष भूमिका खेल्नुपर्ने अध्यक्ष शर्माको भनाई थियो ।

नेपालको पत्रकारितामा डिजिटल प्लेटफर्मको विकास भएको उल्लेख गर्दै उनले सञ्चारकर्मीलाई सोहीअनुसार तालिमको व्यवस्था गर्ने काममा विशेष जोड दिनुपर्ने बताइन् । अध्यक्ष शर्माले भनिन्, 'स्वरोजगार मूलक मिडिया चलाउने महिलाका लागि मैले यो पत्रपत्रिका वर्गीकरणमा महिलाले चलाउने मिडियामा केही इन्सेन्टिभ दिन सकियो भने गरौ है भनेर सुझाव दिइरहेको छु ।

तर, सधैंभरि हामी ती कमिटीमा त हुँदैनौ । जेन्डरमैत्री ढंगले हेर्नेहरु पोलिसी मेकिङमा भयो भने त्यो काम हुँदो रहेछ । महिला र पुरुषको पनि निर्मला शर्मालाई पत्रकार महासंघमा ल्याउन योगदान रह्यो । घरबाटै महिला पत्रकार लाई इन्करेज गर्नुपर्‍यो ।' अध्यक्ष शर्माले नेपालमा पुरुष भन्दा पनि महिला पत्रकार क्षमतावान भएको दाबी गरिन् ।

# निर्वाचन परिणाम चैत पहिलो साता राष्ट्रपतिसमक्ष पेस गरिने



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ निर्वाचन आयोगले २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिमपरिणाम आगामी चैतको पहिलो साता राष्ट्रपतिसमक्ष पेस गर्ने तयारी गरेको छ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार पहिलो निर्वाचित हुने निर्वाचन प्रणालीको मतपरिणाम आइसकेको छ । समानुपातिकतर्फको मतगणनाकार्य पनि अन्तिमचरणमा पुगेको उनले बताए । आयोगले आफ्नो तयारी पूरा गरेपछि चैत ५ देखि ७ गतेभित्र राष्ट्रपतिसमक्ष प्रतिनिधिसभा निर्वाचनको अन्तिम प्रतिवेदन पेस गर्ने तयारीमा जुटेको छ ।

**संवैधानिक प्रावधान र सरकार गठन प्रक्रिया**

नेपालको संविधानको धारा ९३ (१) अनुसार प्रतिनिधि सभाको निर्वाचनको अन्तिमपरिणाम घोषणा भएको मितिले ३० दिनभित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ । आयोगले राष्ट्रपतिलाई प्रतिवेदन बुझाएपछि नयाँ सरकार गठनको प्रक्रिया औपचारिकरुपमा सुरु हुनेछ ।

संविधानको धारा ७६ बमोजिम राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ । यदि कुनैपनि दलको स्पष्ट बहुमत नभएमा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई प्रधानमन्त्री नियुक्त गरिने संवैधानिक प्रावधान रहेको छ । आयोगले अन्तिम प्रतिवेदन पेस गरेसँगै नयाँ सांसदको शपथग्रहण र संसदीय दलको नेता चयनका लागि राजनीतिक दललाई बाटो खुल्नेछ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रत्यक्षतर्फ १२५ स्थानमा विजय हासिल गरेको छ भने समानुपातिकतर्फ पनि ५० लाखभन्दा बढी मत प्राप्त गरिसकेको छ । दुवैको परिणाम सार्वजनिक हुँदा (रास्वपा) लाई झण्डै दुईतिहाइको बहुमत प्राप्त हुने भएकाले एकल सरकार हुने निश्चित छ ।



साझाकुरा

## हाम्रो कुरा

# हेटौंडामै एमबीबीएस

बागमती प्रदेश सरकारअन्तर्गत रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस अध्यापन सुरु गरिएको छ । चिकित्सा शिक्षा आयोगबाट ५० सिटको स्वीकृति पाएपछि प्रतिष्ठानले यसै शैक्षिक वर्षदेखि एमबीबीएस कार्यक्रम सञ्चालनमा ल्याएको हो । सोमबार नवप्रवेशी विद्यार्थीका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले प्रदेशका पालिकास्तरमा बनेका अस्पतालमा चिकित्सक तथा स्वास्थ्यकर्मीको अभाव रहेको बताउँदै त्यस्तो अभाव पूर्ति गर्न एमबीबीएस कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन् । हेटौंडामा एमबीबीएस अध्यापन सुरु हुनु भनेको स्वास्थ्य र शिक्षाक्षेत्रमा ऐतिहासिक फड्को पनि हो । हेटौंडाको स्वास्थ्यशिक्षा प्रणालीमा एउटा महत्वपूर्ण अध्याय थपिँदैछ । बागमती प्रदेशको प्रमुख औद्योगिक तथा प्रशासनिक केन्द्र हेटौंडामा एमबीबीएस अध्यापन सुरु हुने घोषणा केवल एक शैक्षिक उपलब्धि मात्र होइन, यो समग्र स्वास्थ्यसेवा, क्षेत्रीय विकास र विद्यार्थीको सामाजिक न्यायसँग गाँसिएको ऐतिहासिक कदम हो ।

राजधानी केन्द्रित चिकित्साशिक्षालाई विकेन्द्रित गर्दै देशका अन्य भागमा विस्तार गर्ने दीर्घकालीन लक्ष्यतर्फ यो निर्णयले सकारात्मक संकेत दिएको छ । हालसम्म नेपालमा एमबीबीएस अध्ययनका अधिकांश अवसर काठमाडौं उपत्यकामा सीमित रहँदा, ग्रामीण तथा सहरीक्षेत्रका विद्यार्थी उच्च लागत, आवास समस्या र सामाजिक दूरीका कारण वञ्चित हुँदै आएका थिए । हेटौंडामा एमबीबीएस अध्यापन सुरु हुनु ती बाधा तोड्ने प्रयास हो । यसले मधेश, बागमती र आसपासका जिल्लाका प्रतिभाशाली विद्यार्थीलाई आफ्नै क्षेत्रमा गुणस्तरीय चिकित्साशिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नेछ । यो निर्णयको अर्को महत्वपूर्ण पक्ष स्वास्थ्यसेवाको पहुँचसँग जोडिएको छ । जहाँ मेडिकल कलेज र शिक्षण अस्पताल स्थापना हुन्छन्, त्यहाँ विशेषज्ञ चिकित्सक, आधुनिक उपकरण र सेवा विस्तार स्वाभाविकरुपमा हुन्छ । हेटौंडामा एमबीबीएस कार्यक्रम सञ्चालनसँगै शिक्षण अस्पतालको सुदृढीकरण हुनेछ, जसको प्रत्यक्ष लाभ स्थानीय नागरिकले पाउनेछन् । यसले राजधानी वा अन्य ठूला सहरमा उपचारका लागि जाने बाध्यता क्रमश: घटाउने अपेक्षा गर्न सकिन्छ । तर, अवसरसँगै चुनौती पनि उत्तिकै छन् । एमबीबीएस जस्तो संवेदनशील र उच्चस्तरको शैक्षिक कार्यक्रम सञ्चालन गर्न पर्याप्त पूर्वाधार, अनुभवी प्राध्यापक, अनुसन्धानमैत्री वातावरण र पारदर्शी व्यवस्थापन अनिवार्य हुन्छ । केवल राजनीतिक वा क्षेत्रीय दबाबका आधारमा कार्यक्रम सुरुगर्नु दीर्घकालीनरुपमा हानिकारक पनि हुनसक्छ । त्यसैले शैक्षिक गुणस्तरमा कुनै सम्झौता नगरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पालना गरिनु अत्यावश्यक छ । विद्यार्थी छनोट, शुल्कसंरचना र सेवा-बन्धन जस्ता विषयमा स्पष्ट नीति आवश्यक छ ।

सरकारी वा सामुदायिक लगानीमा सञ्चालन हुने मेडिकल शिक्षाले समाजप्रति उत्तरदायी चिकित्सक उत्पादन गर्नुपर्छ । अध्ययनपश्चात केही समय सोहीक्षेत्र वा देशमै सेवा गर्न प्रोत्साहन गर्ने व्यवस्था प्रभावकारीरुपमा लागू गरिनु जरुरी छ । समग्रमा, हेटौंडामा एमबीबीएस अध्यापन सुरुहुनु नेपालमा स्वास्थ्यशिक्षा विकेन्द्रीकरणको दिशामा एक साहसिक र स्वागतयोग्य कदम हो । यदि यो पहललाई दूरदृष्टि, पारदर्शिता र गुणस्तरप्रतिको दृढ प्रतिबद्धतासहित अघि बढाइयो भने, यसले न केवल हेटौंडा र बागमती प्रदेशलाई, समग्र राष्ट्रको स्वास्थ्य प्रणालीलाई दीर्घकालीनरुपमा सबल बनाउनेछ । अब आवश्यकता छ–घोषणालाई सफल कार्यान्वयनमा रुपान्तरण गर्ने दृढ इच्छाशक्ति र जिम्मेवार नेतृत्वको । स्वास्थ्यमन्त्री थापाले राज्यले नागरिकलाई व्यवस्थित स्वास्थ्यसेवा उपलब्ध गराउनु संवैधानिक दायित्व भएको उल्लेख गर्दै हेटौंडा अस्पताललगायत प्रादेशिक अस्पतालको सेवासुविधा हरेक वर्ष विस्तार गरिँदै लगिएको बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन २८ गते बिहीबार १२ मार्च २०२६ । नवमी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:१९ सूर्यास्त ६:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सामाजिक काममा रुचि बढ्नेछ | **तुला** | : प्रतिष्ठित काम गर्ने मौका छ |
| **वृष** | : यात्रामा कष्ट मिल्नेछ | **वृश्चिक** | : आत्म-विश्वास बढ्नेछ |
| **मिथुन** | : त्रासमय दिन हुनेछ | **धनु** | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| **कर्कट** | : खानपिन राम्रो हुनेछ | **मकर** | : पारिवारिक जमघट हुनेछ |
| **सिंह** | : शरीरमा बाधा पुग्न सक्नेछ | **कुम्भ** | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| **कन्या** | : मन पर्ने उपहार पाइने योग छ | **मीन** | : कामबाट फुर्सद मिल्नेछ |

# बढ्दो वायु प्रदूषण र नयाँ सरकारबाट अपेक्षा



✍ डा. सुदीप ठकुरी

फागुन २१ मा सम्पन्न राष्ट्रिय निर्वाचनपछि देशको राजनीतिक वातावरणमा परिवर्तन देखिँदै गर्दा मौसमको अवस्था पनि निर्वाचन दिन लगत्तै असामान्य रूपमा बदलिएको अनुभव गरिएको छ । निर्वाचनको परिणाम र यसपछि बन्ने सम्भावित राजनीतिक अवस्थाबारे देशभर चासो बढिरहेका बेला वातावरणीय अवस्था भने अपेक्षित रूपमा सुखद देखिएको छैन । पछिल्ला दिनहरुमा देशका धेरै भागमा घाम लाग्न सकेको छैन र आकाश बाक्लो हैज (धुवाँ-धुलोको तुवाँलो) ले ढाकिएको छ ।

काठमाडौं उपत्यका, तराईका सहरहरू तथा मध्य पहाडी क्षेत्रहरूमा समेत बिहानदेखि बेलुकासम्म आकाश फिका र धुम्म देखिएको छ । सामान्यतया यो मौसममा हिमाल र वरपरका पहाडहरू स्पष्ट देखिने भए पनि हाल दृश्यता (भिजिविलिटी) उल्लेखनीय रूपमा घटेको छ । धेरै स्थानमा टाढाका वस्तुहरू स्पष्ट देख्न कठिन भएको छ । पछिल्ला केही दिनदेखि देशभर हावाको गति अत्यन्त कम देखिन्छ । औसत रूपमा हावाको गति प्रतिघण्टा करिब १ देखि ३ किलोमिटरको आसपासमा रहेको छ । यस्तो सुस्त हावाले वातावरणमा रहेका प्रदूषणका कणहरू फैलिन नदिई एकै स्थानमा जम्न दिने भएकाले हैजको अवस्था देखिएको हो ।

### तुवाँलो के हो ?

तुवाँलो (हैज) भनेको हावामा रहेका सूक्ष्म कणहरूको कारणले वातावरण धुम्म देखिने अवस्था हो । यी सूक्ष्म कणहरू धुलो, धुवाँ, औद्योगिक प्रदूषण, सवारीसाधनबाट निस्कने धुवाँ तथा अन्य वातावरणीय स्रोतहरूबाट उत्पन्न हुन्छन् । जब सूर्यको प्रकाश हावामा रहेका यस्ता सूक्ष्म कणहरूसँग ठोक्किन्छ, तब प्रकाशको केही भाग ती कणहरूले सोस्छन् भने केही भाग विभिन्न दिशामा फैलिन्छ । यसले गर्दा मानव आँखाले देख्ने दृश्यको स्पष्टता (भिजिविलिटी) घट्छ । परिणामस्वरूप आकाश फिका देखिन्छ र टाढाका वस्तुहरू धुम्म देखिन्छन् । वातावरणमा रहेका कणहरूको मात्रा जति बढी हुन्छ, हैजको प्रभाव त्यति नै गम्भीर हुन्छ । हैजलाई कहिलेकाहीँ कुहिरोसँग तुलना गरिन्छ तर यी दुई फरक हुन् । कुहिरो पानीका सूक्ष्म थोपा जमेर बनेको हुन्छ भने हैज प्रदूषण तथा धुलोका कणहरूका कारण देखिन्छ ।

### हालको मौसमी अवस्था

पछिल्ला केही दिनदेखि नेपालको मौसमी अवस्था स्थिर रहेको छ । हाल देखिएको स्थिर वायुमण्डलीय अवस्था उत्पन्न हुनुमा तापक्रमको उल्टो संरचना (टेम्परेचर इन्भर्सन) एक प्रमुख कारण मानिन्छ । सामान्य अवस्थामा पृथ्वीको सतह नजिकको हावा तातो हुन्छ र माथिल्लो तहतर्फ जाँदा तापक्रम क्रमश: घट्दै जान्छ । तर तापक्रम उल्टो संरचनाको अवस्थामा यसको ठीक विपरीत हुन्छ । जसमा सतह नजिकको हावा चिसो हुन्छ भने त्यसको माथिल्लो तहमा तुलनात्मक रूपमा तातो हावा बस्छ । यसरी माथिल्लो तहमा रहेको तातो हावाले एक प्रकारको 'ढाक्ने तह' जस्तो काम गर्छ, जसले तल्लो तहको चिसो हावालाई माथि उठ्न दिँदैन । यस्तो अवस्थामा वायुमण्डलको माथिल्लो तह र तल्लो तहबीच हावाको स्वाभाविक मिश्रण हुन सक्दैन । जब वायुमण्डल स्थिर हुन्छ, तब हावामा रहेका धुलो, धुवाँ र अन्य प्रदूषणका कणहरू सजिलै फैलिन पाउँदैनन् । परिणामस्वरूप ती कणहरू एकै स्थानमा थुप्रिन थाल्छन् र वातावरण धुम्म देखिने हैजको अवस्था सिर्जना हुन्छ ।

प्रत्यक्ष मौसम साइटहरूका तथ्यांक अनुसार पछिल्ला दिनहरूमा औसत हावाको गति प्रतिघण्टा करिब ३ किलोमिटरभन्दा कम रहेको छ । त्यस्तै, भिजिविलिटी पनि घटेर केही स्थानमा ३ देखि ५ किलोमिटरमा सीमित भएको छ । आर्द्रता करिब ६० देखि ७० प्रतिशतको आसपास छ भने काठमाडौं उपत्यकामा तापक्रम १५ डिग्री सेल्सियसदेखि २६ डिग्री सेल्सियसको बीचमा रहेको छ । यस्ता मौसमीय अवस्थाहरूले वायुमण्डलमा रहेका सूक्ष्म प्रदूषणका कणहरूलाई लामो समयसम्म हावामै रहन सहयोग पुर्‍याउँछन् । विशेषगरी काठमाडौं उपत्यकाजस्तो भौगोलिक रूपमा चारैतिर पहाडले घेरिएको क्षेत्रमा यस्तो समस्या अझ बढी देखिन्छ । उपत्यकाभित्र हावा राम्रोसँग चल्न नसक्दा बाहिरबाट आउने ताजा हावा प्रवेश गर्न कठिन हुन्छ र भित्र रहेको प्रदूषण सजिलै बाहिर निस्कन सक्दैन । यही कारणले गर्दा प्रदूषण र हैजको अवस्था लामो समयसम्म कायम रहन सक्छ ।

### वायु गुणस्तरमा उल्लेखनीय गिरावट

हैजको सबैभन्दा ठूलो प्रभाव वायु गुणस्तरमा देखिएको छ । हाल काठमाडौं उपत्यकासहित देशका धेरै सहरहरूमा वायु गुणस्तर सूचकांक अस्वस्थकर स्तरमा पुगेको छ । वायुको गुणस्तर रियलटाइममा मापन गर्ने आईक्यु एअरका अनुसार आज बिहान काठमाडौंको वायु गुणस्तर सूचकांक (एक्युआई) करिब २०६ पुगेको थियो । मध्याह्न एक्युआई १९६ पुगेको छ, जुन स्वास्थ्यका लागि जोखिमपूर्ण मानिन्छ । यस समयमा वायुमण्डलमा मुख्य रूपमा पीएम २.५ नामक सूक्ष्म प्रदूषक कणहरूको मात्रा बढी रहेको छ । हाल यसको स्तर करिब १२० माइक्रोग्राम प्रति घनमिटर पुगेको अनुमान गरिएको छ ।

विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार पीएम २.५ को सुरक्षित दैनिक स्तर १५ माइक्रोग्राम प्रति घनमिटरभन्दा कम हुनुपर्छ । तर हाल देखिएको मात्रा यसभन्दा करिब चार गुणासम्म बढी रहेको छ, जसले वायु प्रदूषणको गम्भीर अवस्था संकेत गर्छ । वायु गुणस्तर सूचकांकको मापन प्रणाली अनुसार १५१ देखि २०० को स्तरलाई "अस्वस्थकर" मानिन्छ । यस्तो अवस्थामा लामो समयसम्म बाहिर बस्दा सबै मानिसहरूको स्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्छ । विशेषगरी बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दम वा फोक्सोसम्बन्धी समस्या भएका व्यक्तिहरूका लागि जोखिम अझ बढी हुन्छ ।

आइतबार साँझ काठमाडौं उपत्यकामा हल्का वर्षा हुनुभन्दा अघि करिब १८:४५ बजे अधिकतम वायु गुणस्तर सूचकांक २५५ मापन गरिएको थियो, जहाँ सूक्ष्म प्रदूषक कण (पीएम२.५) को मात्रा १८०.४ माइक्रोग्राम प्रति घनमिटर पुगेको थियो । तर त्यो पानीले जमेको धुलो र प्रदूषणका कणहरूलाई पूर्ण रूपमा हटाउन भने सकेन । सामान्यतया वर्षाले हावामा रहेका प्रदूषणका कणहरूलाई केही हदसम्म हटाउने काम गर्छ, जसले गर्दा वायु गुणस्तर सुधारिन र आकाश क्रमश: सफा हुन मद्दत पुग्छ । तर यसपटक परेको वर्षा पर्याप्त मात्रामा नभएकाले वायुमण्डलमा थुप्रिएका सूक्ष्म कणहरू पूर्ण रूपमा हट्न सकेनन् । परिणामस्वरूप वर्षापछि पनि आकाश पूर्ण रूपमा खुल्न सकेन र वातावरणमा केही मात्रामा हैजको अवस्था कायम नै रह्यो ।

### स्वास्थ्यमा पर्ने प्रभाव

हावामा रहेका पीएम२.५ जस्ता अत्यन्त सूक्ष्म कणहरू मानिसको शरीरमा सजिलै प्रवेश गर्न सक्छन् । यी कणहरू सास फेर्ने प्रक्रियामार्फत फोक्सोभित्र गहिरोसम्म पुग्न सक्छन् र दीर्घकालीन रूपमा स्वास्थ्यमा गम्भीर असर पार्न सक्छन् । वायुमण्डलमा यस्ता कणहरूको मात्रा बढ्दा मानिसहरूमा सास फेर्न गाह्रो हुने, लगातार खोकी लाग्ने, घाँटी पोल्ने, आँखामा जलन हुने तथा एलर्जी बढ्ने जस्ता समस्या देखिन सक्छन् । विशेषगरी दमका बिरामीहरूमा यस्तो अवस्थामा समस्या झन् बढ्न सक्छ र सासप्रश्वाससम्बन्धी असहजता अधिक हुन सक्छ ।

यस प्रकारको वायु प्रदूषणको असर सबै मानिसहरूमा पर्न सक्ने भए पनि केही समूहहरू अझ बढी जोखिममा हुन्छन् । बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला, दम वा फोक्सोसम्बन्धी रोग भएका व्यक्ति तथा मुटु रोगीहरूलाई यस्तो अवस्थामा विशेष सावधानी अपनाउन आवश्यक हुन्छ । वायु गुणस्तर अस्वस्थकर भएको बेला अनावश्यक रूपमा बाहिर लामो समय बस्न नहुने, कडा शारीरिक गतिविधि कम गर्ने तथा अत्यावश्यक काम बाहेक सम्भव भएसम्म घरभित्रै बस्न सल्लाह दिइएको छ ।

### नागरिकका लागि सावधानी

वायु गुणस्तर खराब भएको अवस्थामा नागरिकहरूले केही सामान्य सावधानी अपनाउनु पर्छ । यस्तो समयमा अनावश्यक रूपमा लामो समयसम्म बाहिर बस्नु उपयुक्त हुँदैन । विशेषगरी दौडधुप, कडा व्यायाम वा शारीरिक परिश्रम बढी हुने गतिविधिहरू बाहिर नगर्न सल्लाह दिइन्छ, किनकि यस्तो अवस्थामा शरीरले बढी सास लिनुपर्दा प्रदूषित हावा पनि बढी मात्रामा शरीरभित्र प्रवेश गर्न सक्छ । बाहिर जानै परेमा सुरक्षाका लागि मास्क प्रयोग गर्नु लाभदायक मानिन्छ ।

त्यस्तै, घरभित्रको वातावरण पनि सकेसम्म सफा राख्न आवश्यक हुन्छ । झ्यालढोका आवश्यकताअनुसार मात्र खोल्ने, धुलो कम गर्ने र सम्भव भए हावा शुद्धीकरण विधी प्रयोग गर्ने उपायहरूले हावाको गुणस्तर सुधार्न सहयोग पुर्‍याउन सक्छ । बालबालिका र वृद्धवृद्धा प्रदूषणको असरप्रति बढी संवेदनशील हुने भएकाले उनीहरूलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । साथै, वायु गुणस्तर अस्वस्थकर भएको अवस्थामा विद्यालय तथा कार्यालयहरूले बाहिरी गतिविधिहरू अस्थायी रूपमा कम गर्ने वा स्थगित गर्नेबारे विचार गर्न सुझाव दिइन्छ ।

### दैनिक जीवनमा प्रभाव

हैजको प्रभाव दैनिक जीवनमा पनि देखिन थालेको छ । दृश्यता घट्दा सडक यातायातमा सावधानी अपनाउनुपर्ने अवस्था आएको छ । विशेषगरी बिहान र साँझको समयमा धुम्म वातावरणका कारण चालकहरूलाई सडक स्पष्ट देख्न कठिन हुन सक्छ । यद्यपि हालसम्म यातायात वा उडान सेवामा ठूलो अवरोध आएको जानकारी छैन । नेपालको पर्यटन क्षेत्रका लागि पनि यस्तो मौसम अनुकूल मानिँदैन । सामान्यतया स्वदेशी तथा विदेशी पर्यटकहरू हिमालको मनोरम दृश्य हेर्न नेपाल आउने गर्छन् । तर बाक्लो हैजका कारण हिमालहरू स्पष्ट देखिन नसक्दा पर्यटकहरूको अनुभव प्रभावित हुन सक्छ । काठमाडौं उपत्यकामा बसोबास गर्ने धेरैले पनि पछिल्ला दिनहरूमा वातावरण भारी र असहज भएको अनुभव गरेका छन् ।

फागुन २१ को निर्वाचनपछि यस्तो मौसम देखिन थालेकाले कतिपयले यसलाई संयोगको रूपमा चर्चा गरेका छन् । तर यस घटनाको राजनीतिक वा निर्वाचन गतिविधिसँग कुनै सम्बन्ध छैन । मौसम पूर्ण रूपमा प्राकृतिक प्रक्रियाबाट प्रभावित हुन्छ । तापक्रम, हावाको दिशा, वायुमण्डलीय दबाब तथा मौसमी चक्रले मौसमलाई निर्धारण गर्छ । निर्वाचन र मौसम परिवर्तन एउटै समयमा देखिनु केवल संयोग मात्र रहेको हो ।

### यस्तो अवस्था कहिलेसम्म रहला ?

अहिले देखिएको हैजको अवस्था कहिलेसम्म रहन्छ भन्ने कुरा मुख्यत: हावाको गति र वर्षाजस्ता मौसमी कारकहरूमा निर्भर गर्दछ । यदि पश्चिमी वायु प्रणाली सक्रिय भयो, हावाको गति बढ्यो वा भारी वर्षा भयो भने वायुमण्डलमा जम्मा भएका धुलो, धुवाँ तथा अन्य प्रदूषणका कणहरू छिट्टै हट्न सक्छन् । यस्तो अवस्थामा वातावरणमा रहेको प्रदूषण फैलिन वा धुलिन पुग्छ र आकाश फेरि क्रमश: सफा हुन थाल्छ ।

तर यदि हालजस्तै हावाको गति सुस्त रहने र मौसम स्थिर रहने अवस्था कायम रह्यो भने हैज अझ केही दिनसम्म रहन सक्ने सम्भावना छ । विशेषगरी उपत्यका जस्ता भू-आकृतिक रूपमा बन्द क्षेत्रहरूमा यस्तो अवस्था लामो समयसम्म कायम रहने सम्भावना बढी हुन्छ, किनकि त्यहाँ प्रदूषण बाहिर निस्कन कठिन हुन्छ । त्यसैले आगामी दिनहरूमा मौसम प्रणालीमा आउने परिवर्तनले नै हैज हट्ने वा कायम रहने अवस्थालाई निर्धारण गर्नेछ ।

### दीर्घकालीन चुनौती र नयाँ सरकारप्रति आशा

दक्षिण एसियाका धेरै देशहरूजस्तै नेपालमा पनि वायु प्रदूषण एक बढ्दो दीर्घकालीन चुनौतीका रूपमा देखा परेको छ । पछिल्ला वर्षहरूमा शहरीकरण, जनसंख्या वृद्धि तथा आर्थिक गतिविधि बढ्दै जाँदा वायु प्रदूषणको स्तर पनि क्रमश: बढ्दै गएको देखिन्छ । नेपालका प्रमुख सहरहरूमा विशेषगरी सवारीसाधनको धुवाँ, निर्माण कार्यबाट उठ्ने धुलो, औद्योगिक गतिविधि, सडकको धुलो तथा कृषि अवशेष जलाउने प्रचलन जस्ता कारणहरूले वातावरणमा प्रदूषणको मात्रा बढाइरहेका छन् । यी स्रोतहरूबाट निस्कने धुलो र धुवाँका सूक्ष्म कणहरू वायुमण्डलमा जम्मा भएर दीर्घकालीन रूपमा वातावरण र जनस्वास्थ्यमा असर पार्न सक्छन् ।

भविष्यमा शहरी विस्तार अझ बढ्दै जाने भएकाले वायु प्रदूषण नियन्त्रणका लागि प्रभावकारी र दीर्घकालीन उपायहरू आवश्यक पर्नेछ । सार्वजनिक यातायातको सुधार, सवारी साधनको उत्सर्जन नियन्त्रण, हरित ऊर्जाको विकास र प्रयोग, हरित क्षेत्रको विस्तार तथा निर्माण व्यवस्थापन जस्ता उपायहरू महत्वपूर्ण मानिन्छन् । सरकार, स्थानीय तह तथा विभिन्न वातावरणीय संस्थाहरूले वायु गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रमहरू अघि बढाइरहेका भए पनि समस्या समाधानका लागि अझ प्रभावकारी नीतिगत सुधार आवश्यक रहेको छ । साथै, नागरिक स्तरमा पनि वातावरणीय सचेतना बढाउनु र प्रदूषण नियन्त्रणमा सहकार्य गर्नु दीर्घकालीन समाधानका लागि अत्यन्त आवश्यक मानिन्छ । हाल देशभरको आकाश धुम्म देखिए पनि आगामी केही दिनमा हावाको बहाव बढेमा वा सामान्य वर्षा पछि अवस्था सुधार हुन सक्ने अपेक्षा गरिएको छ ।

फागुन २१ को राष्ट्रिय निर्वाचनपछि देश राजनीतिक रूपमा नयाँ दिशातर्फ अघि बढिरहेको छ । परम्परागत दलहरुभन्दा फरक र नयाँ योजनासहित आएका भनिएका जनप्रतिनिधिहरु बनाउने सरकारले प्रदूषण नियन्त्रणका लागि कस्ता योजना ल्याउला भन्ने चासो छ । प्रदूषण नियन्त्रणका लागि बनेका नियम कानुनहरु प्रशस्त छन् । तर तिनको कार्यान्वयन पक्ष विगतमा सन्तोषजनक देखिएको छैन । यदि ती कानुन प्रभावकारी हुन सकेमात्रै पनि प्रदूषणबाट केही हदसम्म राहत मिल्नेछ । आगामी दिनमा नयाँ सरकार र नयाँ जनप्रतिनिधिको गति र दिशा कता र कसरी अघि बढ्छ त्यो हेर्न केही समय कुर्नैपर्ने हुन्छ । त्यतिन्जेलसम्म नागरिकहरूले स्वास्थ्य सावधानी अपनाउँदै सुरक्षित रहनु आवश्यक छ । सबै नागरिकहरु अहिले फेरि एकपटक सफा आकाश, घाम लाग्ने दिन र हिमालहरूको स्पष्ट दृश्य देख्ने आशामा छन् ।

*साभार: अनलाइनखबर*

# घन्टीलाई जिताउन सूर्यको 'योगदान'

✍कपिल काफ्ले

सामन्ती राजाहरु कस्ता हुन्छन्, उनीहरुको चरित्र कस्तो हुन्छ ? यस प्रश्नको जवाफ सोच्दा हाम्रो मनमा सिंहासनमा बसेको क्रूर अनुहार प्रकट हुन्छ– कसैको कुरा नसुन्ने, आफूखुसी निर्णय लिने, सनकका भरमा फैसला गर्ने, सिद्धान्त र अनुशासन नबुझ्ने, आचरणको कुरा सिकाउन आउने कुनै पनि व्यक्तिलाई कठोर सजाय दिने । अधिनायकवादी चरित्र नै सामन्ती राजाको मूल पहिचान हो । दुर्भाग्य, यही चरित्रमा देखिए फाल्गुण २१ को निर्वाचनमा मिल्काइएका राजाहरु । राजाको स्वरुप ग्रहण गरेका थिए नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि । पहिलाका राजाले जस्तै यिनले पनि 'हुकुमप्रमाङ्गी' गरेर न्यायाधीशदेखि राजदूतसम्म नियुक्त गर्थे । राजतन्त्रमा राजाले चाहेको कुरा पूरा हुन्थ्यो भने संघीय लोकतान्त्रिक गणतन्त्रमा दलका अध्यक्षको इशारामा राज्य चल्थ्यो । फरक यत्ति भयो, राजतन्त्रमा राजा हटाउन सशस्त्र विद्रोह गर्नुपर्‍यो गणतन्त्रमा भोट हालेरै राजाहरुलाई फालियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गणतन्त्रका अधिनायकवादी राजाहरुको सिंहासनको खुट्टा भाँचिदियो । रास्वपाले यसपटकको निर्वाचनमा एक सिट पनि जित्दैन भन्ने राजा केपी ओलीलाई पराजित गरिदियो । अर्का राजा पुष्पकमल दाहाल प्रचण्डलाई महाभारतको युद्ध हेर्नका लागि धड फालिएर पनि शिर जीवित राखिएका पात्र बारबरिक बनाइदिएको छ । निर्वाचनको युद्ध मैदानमै नआएका राजा शेरबहादुर देउवाको दरबार आन्तरिक कलहले पहिला नै धराशयी थियो, त्यसबाट सुधारिएका पात्र गगन थापा लार्भाबाट पुतली बनेर भुर्र उडेका पनि थिए, सम्भावनाको किरण छरेका पनि थिए, तर घन्टी यति चर्को आवाजले बज्यो कि महाभारतको युद्धमा हनुमानको गर्जनजस्तै साबित भयो । गणतन्त्रका राजा र त्यसका झोलेहरु सब धराशयी भए । घन्टीको यस परिमाणको जित रास्वपाका नेताकै परिकल्पनामा पनि थिएन कि ! रास्वपाका कतिपय उम्मेदवारले उम्मेदवार दिइराखौं, जितिए ठिक्कै छ भन्ने मानसिकताका साथ प्रतिस्पर्धामा भाग लिएको देखिन्छ । तर जनताले मतदानको आँधी नै ल्याइदिए । यसरी भोट आउनुको पहिलो कारण हो पुराना दलप्रतिको वितृष्णा । ठूला-ठूला भाषण गर्ने तर व्यवहारमा जनतालाई सुविधा नदिने जो त्रुटि पुराना दलबाट भयो, विगत तीन दशकमा पनि नचेत्ने उनीहरुको जो प्रवृत्ति रह्यो, त्यसले मतदातालाई दिक्क बनाएको थियो । विगत पञ्चायतकालमा राष्ट्रिय पञ्चायतको सदस्य बनाएर काठमाडौंका जनताले नानीमैया दाहाललाई पठाएका थिए । जोसँग पनि चरचरी बाझ्ने, बोली नै पिच्छे अश्लील शब्द प्रयोग गर्ने, सभ्य व्यवहारलाई वास्ता नगर्ने तर खूब बोल्नुपर्ने स्वभावकी दाहाललाई पञ्चायती व्यवस्थाका विरोधीहरुले 'पञ्चायती व्यवस्था यस्तै व्यक्ति सुहाउने खालको हो' भन्ने सन्देश दिन उठाएका थिए । आक्रोशको मत कति मजबुत हुँदो रहेछ, दाहालको उदाहरण पर्याप्त छ । तर रास्वपाका उम्मेदवारहरु शिष्ट, सभ्य, विद्वान् र कर्तव्यपरायण पनि देखिन्छन् । न त संघीय लोकतान्त्रिक व्यवस्थाको प्रतिनिधिसभा नै राष्ट्रिय पञ्चायत हो । त्यसैले प्रतिशोधको मत अझ घनीभूत भएर बर्सियो ।

प्रतिशोधको ज्वाला दन्काउन सर्वाधिक योगदान दिने पात्र हुन् केपी ओली । नागरिकका कलिला छोराछोरी मारिएका छन्, तर उनी संसद् भवनको पर्खाल भत्काउन आउनेलाई गोली नहानेर पूजा गरी राख्नु त ? भन्छन् । विदेश पलायन हुने युवाप्रति उनी कत्ति हीनताबोध गर्दैनन्, नेपालमा काम नभएको हो र ? आफ्नै रहरले गएका विदेश, भन्छन् र संवेदनाहीन यी पात्रले आम मतदातामा यति बढी आक्रोश सिर्जना गरे कि वैकल्पिक शक्ति खोज्न बाध्य बनाए । साथमा राजनीतिक उम्मेदवारीका 'गुडलक' पात्र बालेन नै रास्वपामा आए । उनी नआएका भए रास्वपामा यो जनलहर देखिने थिएन । भ्रष्टाचार नगर्ने साधु बालेन सबैका प्रिय थिए । तराई मूलका व्यक्ति काठमाडौंको नेवार वस्तीका बीच जन्मी-हुर्की गरेका उनी साँच्चिकै नेपालका साझा उम्मेदवार साबित भए । बालेनको उमेरभन्दा लामो अवधि राजनीतिमा लागेका चतुर खेलाडी ओलीलाई करिब ५० हजार मतको फरकले हराउन सफल भए ।

तर, नेपाली जनताका लागि नयाँ दल रास्वपाको यस परिमाणको विजय पूर्ण खुशीको कुरा भने होइन । आंशिक खुशीको कुरा मात्र हो । किनभने आज खलनायकसरह ढलेका राजाहरु सबै नै कुनै बेला सशक्त नायक थिए, आजका बालेन शाह र रवि लामिछानेजस्तै । अरुलाई हेर्‍यौं पटक-पटक, माओवादीलाई हेरौं यसपटक भन्दै जनताले प्रचण्डको दल तत्कालीन नेकपा माओवादीलाई प्रतिनिधिसभामा सबैभन्दा ठूलो पार्टी बनाए । प्रचण्डको सरकार पनि ढल्यो । प्रचण्डले नेतृत्व गरेको नेकपा (माओवादी) ले सशस्त्र युद्धमार्फत दलित, महिला, आदिवासी-जनजाति, मधेसीलगायतका समुदायका मुद्दाहरूलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको पनि हो । १० बर्से सशस्त्र द्वन्द्वपछि उनले २०६३ मा शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेर संसदीय लोकतन्त्रलाई स्वीकार गरेकोमा जनताबाट स्याबासी पनि पाएका हुन् ।

संविधानसभाबाट संविधान निर्माण गर्न, राजतन्त्र अन्त्य गर्न, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न उनको नेतृत्वदायी भूमिका रह्यो । यी ऐतिहासिक सफलताहरूले उनलाई नेपाली राजनीतिमा एक 'परिवर्तनकारी नेता' को रूपमा स्थापित गर्‍यो । तर, सिद्धान्त नमिल्ने नेपाली कांग्रेससँग मिलेर पनि सरकार बनाउने उनको व्यवहारले उनलाई समेत सत्ताकै लागि राजनीति गर्ने पात्रका रुपमा ओराल्यो । १० बर्से सशस्त्र द्वन्द्वकालमा उनले बाँडेका सुन्दर सपनाहरु साकार भएको जनताले देखेनन् । उनी र उनको दलमाथि रहेको जनताको विश्वास स्खलित भयो ।

क्रमश: पृष्ठ-३.....

# काठमाडौंबासीलाई आँखा पोल्ने समस्या किन भइरहेको छ ?



काठमाडौं/केही दिनयता काठमाडौं उपत्यकामा घाम लागेको छैन । काठमाडौंवासीमा आँखा पोल्ने, घाँटी खसखसाउने, टाउको दुख्ने जस्ता समस्या झेलिरहेको छन् । यस्तो अनभुव गर्ने मध्येका एक हुन्, घट्टेकुलो बस्ने ३१ वर्षीय अर्जुन घिमिरे । उनी भन्छन्, 'बिहान अफिस जान भनेर निस्किएँ । आँखा एक्कासी पिरो भयो । केही बेरमा आँखाको गेडी समेत दुख्न थाल्यो ।'

यस्ता अनुभव अहिले अधिंकाश काठमाडौंबासीले महशुस गर्न थालेका छन् । विज्ञका अनुसार उक्त समस्या काठमाडौंमा वायू प्रदूषण निकै अस्वस्थको तह पार गर्दा निम्तिएको हो । रियल टाइममा मापन गर्ने स्विट्जरल्याण्डको आईक्यू एयरका अनुसार मंगलबार बिहान ९ बजे काठमाडौंको वायु गुणस्तर इन्डेक्स (एक्यूआई) २०६ पुगेको थियो । जबकि एक्यूआई १५० नाघ्नुलाई नै अस्वस्थ मानिन्छ ।

२०० माथि पुग्नुलाई निकै अस्वस्थ मानिन्छ । काठमाडौं आज समग्रमा संसारकै अस्वस्थ शहर मध्ये तेस्रो स्थानमा पुगेको थियो । यसको असर सामान्य मानिसको दैनिकीमै प्रत्यक्ष देखिन थालेको छ । जसका कारण अस्पतालमा पनि बिरामीको चाप बढ्दो छ । धुवाँधुलोका कारण कतिपय दीर्घरोगी त भेन्टिलेटरमै राखेर उपचार गर्नुपर्ने अवस्थामा पुगेको चिकित्सकहरू बताउँछन् ।

**प्रदूषणले खतराको तह नाघ्यो, बढे बिरामी**

वरिष्ठ छातीरोग विशेषज्ञ डा. राजु पंगेनीका अनुसार पछिल्लो एक महिनायता अस्पतालमा श्वासप्रश्वाससम्बन्धी बिरामीको संख्या उल्लेख्य रूपमा बढेको छ । उनका अनुसार छातीरोग बहिरंग सेवामा दैनिक सेवा लिन आउने बिरामीमध्ये आधा जसो वायु प्रदूषणबाट निम्तिएको समस्याले अस्पताल पुगेका छन् ।

विशेषगरी रुघाखोकी, दम बढ्ने, ब्रोंकाइटिस, निमोनिया तथा विभिन्न भाइरल संक्रमणका बिरामी बढिरहेको डा. पंगेनीले बताए । 'हरेक दिन पाँचदेखि सात जनासम्ममा इन्फ्लुएन्जा पोजिटिभ देखिएको छ,' डा. पंगेनी भन्छन्, 'रुघाखोकी र ब्रोंकाइटिसदेखि लिएर निमोनिया र दमका कारण आइसियुमा भर्ना गर्नुपर्ने बिरामी पनि अघिल्लो महिनाको तुलनामा बढेका छन् ।' वायु प्रदूषणको असरका कारण रुघाखोकी लागेर आएका बिरामीलाई औषधिले समेत काम नगर्ने अवस्था बनेको छ ।

पाँच वर्षभन्दा मुनिका बालबालिका, ६५ वर्ष नाघेका वृद्धवृद्धा, दम, एलर्जी, दीर्घरोगी जोकोहीलाई पनि वायु प्रदूषणले असर गर्नसक्छ । सँगसँगै प्रदूषणका कारण खोक्नसक्ने क्षमता कम हुन्छ । वृद्धवृद्धालाई खोकेर खकार निकाल्न नसक्ने समेत अवस्थामा पुर्याउँछ । वायू प्रदूषणले अस्वस्थको तह पार गरेसँगै स्वास्थ्य मन्त्रालयले सूचना जारी गर्दै अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन आम नागरिकलाई आग्रह गरेको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी काठमाडौं, पोखरा, विराटनगरलगायत तराईका विभिन्न क्षेत्रको हावामा हानिकारक पर्टिकुलेट म्याटर (पीएम २.५) को मात्रा निकै बढेको बताउँछन् ।

डा. बुढाथोकी भन्छन्, 'वायू प्रदूषणले आँखा दुख्ने, पाक्ने र दृष्टिमै नोक्सान पुर्याउनेदेखि लिएर मुटु, मिर्गौला, श्वासप्रश्वाससम्बन्धी गम्भीर रोग र क्यान्सरसमेत गराउन सक्छ ।' बिहान र साँझको समयमा हानिकारक किटाणु र कणहरू वायुमण्डलको तल्लो तहमा जम्मा हुने भएकाले उक्त समयमा मर्निङ वाक वा इभिनिङ वाकमा ननिस्कन मन्त्रालयले अनुरोध समेत गरेको छ । बाहिर निस्कनै पर्ने अवस्थामा अनिवार्य मास्कको प्रयोग गर्न, आँखा जोगाउन चस्मा वा लगाउन र छालालाई प्रदूषणबाट बचाउन पूरै शरीर छोपिने गरी कपडा तथा टोपी लगाउन मन्त्रालयले सुझाएको छ ।

**सम्पूर्ण अंग बिगारिरहेको प्रदूषित हावा**

वायु प्रदूषणले जनस्वास्थ्यमा गम्भीर असर पारिरहेको छ । प्रदूषित हावाका कारण श्वासप्रश्वास, मुटु तथा अन्य अंगसम्बन्धी रोगको जोखिम बढ्दै गएको चिकित्सक बताउँछन् । नेपाल 'बर्डेन अफ डिजिज'को पछिल्लो तथ्यांकअनुसार नेपालमा वार्षिक १ लाख ९३ हजार ३३१ जनाको मृत्यु हुने गरेको छ । यसमध्ये सबैभन्दा बढी मृत्यु मुटु तथा रक्तनलीसम्बन्धी रोगका कारण हुने गरेको देखिन्छ । यस्तो रोगबाट मात्रै वर्षेनी ४६ हजार ३९९ नेपालीको ज्यान जाने गरेको तथ्यांकले देखाउँछ ।

यसपछि दीर्घ श्वास-प्रश्वाससम्बन्धी रोग मृत्युको दोस्रो ठूलो कारण बनेको छ । दीर्घ श्वास-प्रश्वाससम्बन्धी रोगले वार्षिक ४० हजार ७९२ जनाको ज्यान लिन्छ । चिकित्सकहरूका अनुसार श्वासप्रश्वास सम्बन्धी रोगमध्ये सीओपीडी, दम र आस्थमाले ९० प्रतिशतभन्दा बढी बिरामीलाई प्रभावित पारिरहेको हुन्छ । डा. पगेनीका अनुसार दीर्घ श्वास-प्रश्वासको समस्याले फोक्सो र श्वासनली सुन्निने तथा खुम्चिने समस्या देखिन्छ । जसका कारण बिरामीलाई सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, स्वाँ-स्वाँ हुने, छाती कस्सिने तथा छाती भारी हुने जस्ता लक्षण देखिन्छ । पंगेनीका अनुसार धूमपान र वायु प्रदूषण दीर्घ श्वास-प्रश्वास रोगका प्रमुख कारक हो ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार एयर क्वालिटी इन्डेक्स (एक्यूआई) ५० भन्दा बढी हुँदा मानव स्वास्थ्यका लागि घातक मानिन्छ । डब्लूएचओको एक तथ्यांकले १० मध्ये ९ जनाले उच्च स्तरको प्रदूषण भएको हावामा सास फेर्ने देखाएको छ । त्यसैगरी वातावरण तथा घरेलु वायु प्रदूषणका कारण प्रत्येक वर्ष ७० लाख मानिसहरूको मृत्यु भइरहेको डब्लूएचओको तथ्यांक छ ।

वायु प्रदूषणको मात्रा बढी भएमा त्यसले रोगसँग लड्ने क्षमता कम भएको मानिसलाई बढी असर गर्छ । प्रदूषित हावामा रहेका मसिना कण श्वासनली र फोक्सो हुँदै रगतसम्म पुगेर शरीरभरि फैलिने गर्छन् । 'फोक्सोमा संक्रमण बढ्दै गएमा शरीरमा अक्सिजनको मात्रा घट्ने र सास फेर्न गाह्रो हुने समस्या हुन्छ,' डा. पंगेनी भन्छन्, 'कतिपयलाई भेन्टिलेटरमा समेर राखेर उपचार गर्नुपर्ने हुन्छ ।'

डा. पंगेनीका अनुसार प्रदूषणको असर फोक्सोमा मात्र सीमित हुँदैन । दीर्घकालीन रूपमा यसले मुटु, रक्तसञ्चार प्रणाली र शरीरका अन्य अंगमा समेत असर गर्न सक्छ । प्रदूषित कण रगतमार्फत शरीरका विभिन्न अंगसम्म पुगेर स्वास्थ्य जोखिम बढाउने गर्छ । पछिल्लो समय मुटुसम्बन्धी समस्या पनि केही बढेको चिकित्सकहरूको भनाइ छ । विशेषगरी जाडो मौसम र वायु प्रदूषणका कारण फदयघात र पक्षाघातको जोखिम बढ्न सक्छ । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. राजेन्द्र कोजुका अनुसार हावामा रहेका मसिना धुलोका कण तथा अन्य सूक्ष्म कण स्वास्थ्यका लागि अत्यन्त हानिकारक हुन्छन् । यी कण रगतमा पुगेपछि रगतलाई कडा बनाइदिने भएकाले शरीरका विभिन्न अंगमा समस्या उत्पन्न हुन सक्छ ।

'प्रदूषणका सूक्ष्म कणहरूले रक्तनलीमा असर पारेर रगतको प्रवाहमा अवरोध पुर्याउन सक्छन्,' कोजु भन्छन्, 'यसले मुटु र मस्तिष्कमा जाने रक्तसञ्चारमा समस्या ल्याएर फदयघात वा पक्षाघातसम्म गराउन सक्छ ।' डा. कोजुका अनुसार वायु प्रदूषणले श्वासप्रश्वाससम्बन्धी समस्या मात्र होइन, हृदयघात, मस्तिष्कघात, उच्च रक्तचाप, आँखा तथा छालासम्बन्धी रोग र क्यान्सरसम्म निम्त्याउन सक्छ । 'वायु प्रदूषणका कारण नाक पोल्ने, नाक सुख्खा हुने, घाँटी खसखसाउने तथा आँखामा असर पर्ने जस्ता समस्या तुरुन्त देखिन्छन्,' उनले भने, 'तर प्रदूषणले मानिसलाई एकैचोटि निसासिएर मार्दैन । यो विस्तारै 'साइलेन्ट किलर' का रूपमा काम गर्दै मानिसको ज्यान लिइरहेको हुन्छ ।'

काठमाडौंमा वायु प्रदूषण बढ्नुमा सवारीसाधनबाट निस्कने धुँवा, उद्योग तथा कलकारखानाबाट आउने धुलो-धुँवा, जाडो मौसममा बालिने आगो, वनडढेलो र वर्षा नहुनु प्रमुख कारण हुन् । वर्षा कम हुने, हावा कम चल्ने र जाडो मौसम हुने बेला प्रदूषणका कण वातावरणमै थुप्रिने भएकाले उपत्यकामा प्रदूषणको मात्रा बढी देखिने गर्छ । वायु प्रदूषणको प्रभावबारे चेतना जगाउन र जनमानसमा वायु प्रदूषणबाट बचाउन तत्काल ठोस कदम चाल्नुपर्ने विज्ञ बताउँछन् । यसका लागि दीर्घकालीन रुपमा व्यवस्थित शहरीकरण, नवीकरणीय ऊर्जा प्रयोग, रुख-बिरुवा लगाउने, फोहोर नजलाउने जस्ता कार्य गरी वायु प्रदूषण कम गर्न सकिने विज्ञ बताउँछन् ।

**किन वायू प्रदूषण बढ्यो ?**

काठमाडौंमा वायु प्रदूषण अचानक बढेको होइन र प्रदूषणका कणहरू एक दुई दिनयता आकाशमा जम्मा भएका पनि होइनन् । खासगरी बर्खेझरी रोकिएपछि हिउँदमा पानी नै परेन । त्यसैले वायुमण्डलमा जम्मा भएको धुवाधुलो पनि हराउन सकेको छैन । अहिले नेपालका धेरै स्थानहरूमा वायुमण्डल स्थिर अवस्थामा छ । हावा चलिरहेको छैन र यहाँको धुवाँ धुलो अन्यत्र फैलिन पाएको छैन, वायुमण्डलमा नै तैरिरहेका छन् । अहिले काठमाडौं उपत्यका लगायतका ठूला शहरमा हावा नचल्दा र पानी नपर्दा प्रदूषित विखालु हावा सतहमा तैरिएर बसेका छन् ।

काठमाडौं त कचौरा जस्तो छ । खासगरी काठमाडौंको पश्चिमी ढोका नागढुंगाको वनपाखा हुँदै छिरेको धुवाँ धुलोसहितको हावा नागार्जुन, साँगा हुँदै बाहिरने गर्छ । तर अहिले धुवाँ र धुलोको कण सतहमा माथि जान सकेको छैन । विज्ञका अनुसार जबसम्म झरी दर्केर पर्दैन, हावी चल्दैन, त्योबेलासम्म यस्तै हुनेछ । त्यसका लागि त मनसुन नै कुर्नुपर्छ ।

*(स्रोत: अनलाइनखबर)*

# आउँदैछन् बालेनका ३ गीत, 'रि-मास्टर' गरेर ल्याइने



काठमाडौं/बालेनलाई केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडियाले 'पूर्व र्‍यापर' भनेर लेखे । यो तथ्य चाहिँ सही होइन । उनी वर्तमानमा पनि उत्तिकै सक्रिय 'हिपहप गायक' हुन् ।

ठीक दुई महिनाअघि उनले ल्याएको गीत 'आम नेपाली बुवा' युट्युबमा रिलिज भैसकेको छ । फिल्म 'झरीपछिको इन्द्रेणी' मा समावेश यो गीत अहिले पनि उत्तिकै चर्चित छ । प्रतिनिधिसभा चुनावको प्रचारको बेला उनका प्रशंसकले यो गीतमाथि लाखौं भिडियो बनाएका छन् ।

गायक बालेनका प्रशंसकलाई नयाँ खबर छ !

बालेनका ३ गीत चाँडै आउने तयारीमा छन् । विभिन्न समयमा आइसकेका तर चर्चा नभएका गीतलाई 'रि-मास्टर' गरेर बालेनको युट्युब च्यानलमा ल्याउन लागिएको हो ।

बालेन निकट स्रोतले संचारकर्मीसँग ती तीन गीतलाई चाँडै ल्याउन लागिएको जनाएको छ । जसमा सन् २०२१ मा स्पोटीफाईमा आएको 'माया' छ, जसमा बालेन र त्रिशला गुरुङको स्वर छ ।

४ वर्षअघि युट्युबमा अडियो भर्सनको रुपमा आइसकेको रचना दाहालसँगको गीत 'सबैलाई हतार छ' र ११ वर्षअघि बालेनकै युट्युब च्यानलमा अडियो भर्सनमा आएको 'जय महाकाली' लाई पनि ल्याउने तयारी छ ।

'यी सबैलाई रि-मास्टर गरेर ल्याउन लागिएको छ । चाँडै यी गीत दर्शक तथा श्रोतामाझ आउनेछन्' स्रोतले भन्यो ।

काठमाडौंका पूर्वमेयर रहेका ३५ वर्षिय बालेन कान्छा प्रधानमन्त्री बन्ने तयारीमा छन् । राजनीतिसँगै अहिले पनि उनी हिप-हप क्षेत्रमा सक्रिय छन् । उनका 'बलिदान' र 'साभेज' जस्ता गीतले सामाजिक सञ्जालमा ठूलो चर्चा पाएका छन् ।

विश्वका प्रमुख महा नगरहरूको संगठन वर्ल्ड एसोसिएसन अफ मेजर मेट्रोपोलिसेससँगको एक अन्तर्वार्तामा बालेनले संगीतलाई युवापुस्तालाई देशका गम्भीर मुद्दामा सचेत र संलग्न गराउने माध्यमका रूपमा प्रयोग गरेको बताएका थिए ।

# व्यक्तित्व अधिकार संरक्षणको मुद्दामा शिल्पा शेट्टीलाई राहत



मुम्बई/पछिल्लो समय बलिउड कलाकार व्यक्तित्व अधिकार संरक्षण सम्बन्धी मागसहित अदालत धाउने क्रममा बढ्दो छ । यो मेसोमा, पछिल्लोपटक अदालतबाट राहत पाउने अभिनेत्री बनेकी छन्- शिल्पा शेट्टी । मुम्बई उच्च अदालतले उनको व्यक्तित्व अधिकारको दुरुपयोग हुन नदिने गरी संरक्षण प्रदान गर्ने आदेश जारी गरेको हो ।

अदालतको पछिल्लो आदेशअनुसार प्रतिवादीलाई शिल्पाको नाम, तस्बिर, आवाज, स्वरूप वा व्यक्तित्व कुनै पनि रूपमा प्रयोग गर्न वा गलत तरिकाले प्रस्तुत गर्न निषेध गरिएको छ । यसका साथै विभिन्न डिजिटल प्लेटफर्ममा फैलिएको मानहानि गर्ने र अधिकार उल्लंघन गर्ने सामग्री तुरुन्त हटाउन पनि अदालतले निर्देशन दिएको छ ।

अदालतले सार्वजनिक व्यक्तित्वको पहिचान र प्रतिष्ठालाई अनुमतिबिना व्यावसायिक रूपमा प्रयोग गर्न वा डिजिटल माध्यममा दुरुपयोग गर्न नपाइने स्पष्ट गरेको छ ।

यस विषयमा शिल्पाका कानुनी प्रतिनिधि सना रईस खानले भनिन्, 'बम्बे उच्च अदालतले शिल्पा शेट्टीको व्यक्तित्व अधिकार सम्बन्धी मुद्दामा इन्टरनेटलाई डीपफेक र डिजिटल नक्कली पहिचान बनाउने खेल मैदान बन्न नदिने स्पष्ट सन्देश दिएको छ । अदालतले उनको व्यक्तित्व अधिकारको संरक्षण गर्दै उनको नाम, तस्बिर, आवाज र व्यक्तित्व कानुनी रूपमा मूल्यवान अधिकार भएको र उनको अनुमति बिना त्यसलाई व्यावसायिक रूपमा प्रयोग गर्न वा डिजिटल रूपमा परिवर्तन गर्न नपाइने बताएको छ ।'

उनले थपिन्, 'यो आदेशले डिजिटल प्लेटफर्म र मध्यस्थकर्ताहरूले यस्ता सामग्री तुरुन्त हटाउनुपर्ने दायित्व रहेको पनि स्पष्ट गरेको छ । साथै प्रविधिको दुरुपयोग गरेर कसैको गरिमा र प्रतिष्ठामा आघात पुर्‍याउने काम रोक्न पनि निर्देशन दिएको छ ।'

शिल्पा अब अनलाइन माध्यममा आफ्नो पहिचान दुरुपयोग भएको मुद्दामा अदालतबाट राहत पाउने बलिउड कलाकारहरूको सूचीमा थपिएकी छन् । यसअघि काजोल, ऐश्वर्या राय बच्चन, शत्रुघन सिन्हा, अभिषेक बच्चन र सलमान खान लगायतका कलाकारले पनि यस्तै मुद्दामा कानुनी संरक्षण पाइसकेका छन् ।

शिल्पाले व्यक्तित्व अधिकारको संरक्षणको माग गर्दै सन् २०२५ को नोभेम्बरमा अदालतमा निवेदन दिएकी थिइन् । गत साता बुधबार भएको सुनुवाइका क्रममा अदालतले सम्बन्धित व्यक्तिको अनुमति बिना कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग गरेर सेलिब्रेटीहरूको व्यक्तित्व नक्कल गर्ने उपकरणको वैधानिकतामाथि प्रश्न उठाएको थियो ।

# घन्टीलाई जिताउन...

पुष्पकमल दाहाल प्रचण्ड भन्दा अघि नेपाली कांग्रेसलाई नेपाली जनताले एकमना सरकार बनाउने बहुमत २०४८ र २०५६ सालमा दिएका थिए । पञ्चायती व्यवस्था ढलेपछि आएको संसदीय व्यवस्थाको पहिलो सरकारको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गरेका थिए । तर जनताको इच्छाविपरीत कोइरालाले आफ्नो र आफ्ना ३६से र ७४रे नेताहरुको कमजोरीको बोझ जनताको टाउकोमा बजारे, संसद् विघटन गरेर मध्यावधि निर्वाचन गराए । त्यसपछि पार्टी नै फुट्यो । जनताले पहिलाजस्तो विश्वास गर्न सकेनन् । आजसम्म गर्न सकेका छैनन् । गिरिजा पछि गिरिजाकै कार्यकालमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा सरकार बनाउने भनेर २०५६ सालको आम निर्वाचनमा जनताले पुन: सुविधाजनक बहुमत दिएका थिए तर माओवादी जनयुद्धको राप र तापमा त्यो सरकारलाई हटाएर बनेको सरकारले पनि स्थिरता दिन सकेन र राजा ज्ञानेन्द्रले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई संसद् विघटन गर्न लगाएर संसद्विहीन सरकार बनाए ।

त्यसपछि भने नेकालाई सुविधाजनक बहुमत कहिल्यै मिलेन । त्यसपछि नेपाली कांग्रेस र नेकपा माले/एमाले, पूर्वपञ्चहरु- सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दलाई शिरमा राख्दै सरकार चलाउँदै गर्न थाले । नेपाली राजनीतिलाई सिद्धान्तबाट च्यूत गर्ने कार्यको शुरुवात गिरिजाप्रसादबाट भएको थियो, त्यसमा प्रतिस्पर्धा गर्‍यो नेकपा माले/एमालेले । पछिल्लोपटक राजनीतिक दललाई सिद्धान्त, धर्म, संस्कार र मूल्य-मान्यताबाट पतन गराउने काममा सबैलाई उछिने एमाले अध्यक्ष केपी शर्मा ओलीले । आफू प्रधानमन्त्री बनिरहन पाइन्छ कि भनेर उनले असंवैधानिक कदम चाल्दै दुई-दुईपटक प्रतिनिधिसभा विघटन गरे । सरकार जोगाउन पूर्वपञ्च र कुख्यात गुण्डालाई पनि सूर्य चिह्नबाट चुनाव लडाए । यसै वर्ष गतभदौमा भएको जेनजी आन्दोलनमा निर्दोष बालबालिकाको हत्या गर्दा उनी प्रधानमन्त्री थिए । तर त्यस बरबर हत्याको जिम्मेवारी लिनु त परको कुरा, सहानूभूतिसम्म प्रकट गरेनन् । आफूलाई लोकतन्त्रको बाहक बताउने उनको व्यवहार पार्टीभित्र एक अधिनायकवादी शासकको जस्तो देखिन्थ्यो । पार्टीलाई जतिसुकै योगदान दिएको नेता कार्यकर्ता किन नहोस्, उनको कामको सानो विरोध गरेपछि त्यसको करियर सकिन्थ्यो । यस्ता पनि संघीय लोकतान्त्रिक गणतन्त्रका सरकार प्रमुख ! देशको दुर्भाग्य !

एमाले अध्यक्ष ओलीको पछिल्लो अधिनायकवादी चरित्र देखिनुअघि जनताले उनलाई ठूलो विश्वास गरेका थिए । नेपालको संविधान २०७२ पछि नेपाली जनताले एमालेलाई प्रत्यक्षतर्फ १२१ सिट दिए, नेकपा माओवादीको ५३ समेत र उपेन्द्र यादवको संघीय समाजवादी फोरम नेपालको समेत सिट मिलाएर दुई तिहाइ बहुमतको सरकार बनाउने अवसर पनि उनलाई जनताले नै दिलाएका थिए । एमाले र माओवादी पार्टी एकीकृत हुँदा देशभरका वामपन्थीहरु प्रसन्न भएका पनि हुन् । तर सहमतिअनुसार ओलीले प्रचण्डलाई सत्तामा साझेदारी नदिएका कारण, रामबहादुर बादल जस्ता प्रचण्डका विश्वास पात्रलाई अनेक दबाबमा पारेर आफूतिर तान्ने खेल खेल्दै उनी कुर्सीमा टाँसिइरहे । जनताको विश्वास गुमाइरहे । उनी राजा त बने तर नग्न भएको पत्तै पाएनन् । बयासीको निर्वाचनको मुखमा उनी भन्दै थिए, रास्वपाले एक सिट पनि जित्दैन । उनको विश्लेषण कति कमजोर थियो, उनी कुन दुनियामा थिए ? यसबाट प्रस्ट हुन्छ ।

तर, सामन्ती राजतन्त्र ढाल्न र दलविहीन पञ्चायती व्यवस्था फाल्न योगदान दिएका शक्तिहरुलाई यसरी मिल्काउनुपरेकोमा नेपाली जनता खुशी छैनन् । २०१५ सालमा नेपाली कांग्रेसलाई पहिलोपटक दुई तिहाइ बहुमत दिएर जनताले विश्वेश्वरप्रसाद कोइरालालाई प्रधानमन्त्री बनाए । तर उनको सरकारलाई राजा महेन्द्रले १८ महिना १८ दिनमा खारेज गरे । स्थिर सरकारको आधार प्रतिनिधिसभामा दुई तिहाइ बहुमत पनि होइन/रहेन, गिरिजा प्रसादको एकमना सरकार पनि होइन रहेछ, केपी ओलीको एकीकृत सरकार पनि होइन रहेछ । यो तथ्य प्रमाणित भइसकेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# बदलाको कथामा 'मुक्तिपुर' बन्ने, मुख्य भूमिकामा नाजिर

काठमाडौं/अपराध र बदलाको कथामा फिल्म 'मुक्तिपुर' निर्माण हुने भएको छ । मंगलबार बिहान काठमाडौंको बसुन्धारास्थित इन्द्रायणी मन्दिरमा मुहूर्त पूजा गर्दै फिल्मको औपचारिक रूपमा निर्माण घोषणा गरियो ।

मुहूर्तसँगै फिल्मको छायाकंन पनि सुरू गरिएको छ । काठमाडौं आसपासका क्षेत्रमा ४० दिन फिल्मको छायांकन हुने जनाइएको छ ।

साहिबा फिल्मस् प्रोडक्सनको ब्यानरमा निर्माण हुने यस फिल्मलाई सुनिल पाण्डेले निर्देशन गर्नेछन् । यो उनको डेब्यु निर्देशन हो । यसको कथा उनी स्वयंले तयार पारेका हुन् । उनले 'मुक्तिपुर'ले एक आम परिवारको प्रतिनिधित्व गर्ने पात्रको जीवनमा आउने अकल्पनीय मोड र त्यसपछिको बदलाको कथा बोल्ने बताए ।

फिल्ममा नाजिर हुसेन, गौरव पहारी, प्रकाश शाह, एवनराज उप्रेती र आकृति बुढाथोकी प्रमुख भूमिकामा देखिनेछन् । आकृतिले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यु गर्न लागेकी हुन् । घनश्याम जोशी, सरस्वती अधिकारी, अनिल कुर्मी, स्वायम केसी, हरोन अली, उदय अली, सारा शर्मा, अनामिका लामिछाने लगायतका कलाकारहरूको पनि फिल्ममा अभिनय रहनेछ ।

शरद महतोको छायांकन तथा सम्राट बस्नेतको द्वन्द्व निर्देशन रहने यस फिल्ममा विजय राजवंशी र रोशन पासवान निर्मातामा छन् । 'एभरेष्ट फिल्म एकेडेमी'ले पनि निर्माणमा सहकार्य गरेको छ । फिल्मका कार्यकारी निर्माता विशाल श्रेष्ठ तथा सह-निर्माता केशव गौतम हुन् । निर्माण टिमले छायांकन सकिएको ६ महिनाभित्र फिल्म प्रदर्शन गर्ने लक्ष्य राखेको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# दुईतिहाई बहुमत नजिकको सरकारको आर्थिक नीति कस्तो होला ?

साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ प्रतिनिधिसभा निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुईतिहाई नजिकको बहुमत प्राप्त गरेको छ ।

बालेन्द्र शाह (बालेन) लाई प्रधानमन्त्री बनाउने उद्घोष गर्दै चुनावमा होमिएर दुईतिहाई नजिकको म्याण्डेट पाएको रास्वपा सरकार अबको १/२ हप्तामै बन्ने देखिन्छ । अब बन्ने बालेन सरकारको आर्थिक नीति कस्तो होला भन्नेमा अहिले धेरैको चासो बढेको छ । रास्वपाले आफ्नो आर्थिक नीतिबारे नागरिक करारपत्र र वाचापत्रमा खुलाएको छ । रास्वपाले चुनावअघि सार्वजनिक गरेको नागरिक करार पत्रमा सामाजिक न्यायसहितको उदार अर्थनीति अबलम्बन गर्ने बताएको छ । मध्यमवर्गीय विस्तार गर्ने उसको योजना छ ।

हाल न्युन प्रतिव्यक्ति आय रहेको सन्दर्भमा नेपाललाई 'सम्मानजनक मध्यम आय भएको मुलुक' बनाउन औषत आर्थिक वृद्धिदर वार्षिक ७ प्रतिशत (स्थिर मूल्यमा) कायम गर्दै पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय कम्तिमा ३००० डलर र अर्थतन्त्रको आकारको लक्ष्य १०० अर्ब डलर (प्रचलित मूल्यमा) बनाउने नीति रास्वपा सरकारको हुनेछ । जन्मदेखि मृत्युसम्म आवश्यकतामा आधारित 'एकीकृत सामाजिक सुरक्षा' को ग्यारेन्टी, आधुनिक बैंकिङसहित वित्तीय सेवामा सबै नागरिकको पहुँच लगायत सख्त नियमनभित्रको सहकारी र लघुवित्त, मिटर व्याज शोषणको अन्त्य गर्ने रास्वपाको नागरिक कारारपत्रमा उल्लेख छ ।




अब बन्ने रास्वपा सरकारले कनेक्टिभिटीतर्फ प्रतिष्पर्धी अर्थतन्त्रका लागि गुणस्तरीय सडक र हवाई सञ्जाल, भरोसायोग्य उर्जा ग्रीड र सबै बस्तीमा तीव्रगतिको सुलभ इन्टरनेट विस्तार: १५ हजार मेगावाट विद्युत् जडित क्षमता, ३० हजार किमि राष्ट्रिय राजमार्ग निर्माण, १० वटा राष्ट्रिय महत्वका 'सिग्नेचर आयोजना' सम्पन्न गर्ने नीति लिनेछ । विदेशमा बस्ने नेपालीलाई अनलाइन मताधिकार, वंशजको नागरिकताको निरन्तरताह सार्वभौम डायस्पोरा फण्डको कार्यान्वयन सुरक्षित लगानी र सम्मानित देश फिर्तीको वातावरण, मर्यादित वैदेशिक रोजगारीको नीति रास्वपा सरकारले लिने नागरिक कारारपत्रमा भनिएको छ ।

रास्वपाले घोषणापत्रमा सार्वजनिकसेवा लाइनमा नभई, अनलाइनमा हुने बताएको छ । रास्वपाले घोषणापत्रमा भनेको छ- 'राष्ट्रिय अभिलेख र डिजिटल सुशासन सुदृढीकरण गर्न नेपालमा बसोवास गर्ने सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराई, एकीकृत डाटाबेस निर्माण गर्छौं । यसमार्फत राष्ट्रिय अभिलेख व्यवस्थालाई सुदृढ बनाउँदै सेवा प्रवाह, सामाजिक सुरक्षा र सार्वजनिक नीति कार्यान्वयनलाई तथ्यांक-आधारित बनाइ सुशासनको भरपर्दो आधार निर्माण गर्छौं । सरकारी सेवा लिनका लागि कार्यालय/कार्यालय धाउनुपर्ने, लाइन बस्नुपर्ने, मध्यस्थको भरपर्नुपर्ने र कर्मचारीसँग अनावश्यक प्रत्यक्ष भेटघाट गर्नुपर्ने हैरानीलाई अन्त्य गर्छौं । पारदर्शिता, पहुँच र उत्तर दायित्व सुनिश्चित गर्न डिजिटल सर्भिस डेलिभरीको समयवद्ध कार्ययोजना स्वीकृत गरी कडाइका साथ कार्यान्वयन गर्नेछौं ।'

राजश्व न्यायाधीकरणको संरचना सुधार गर्दै राजस्व अनुसन्धान विभाग खारेज गर्ने नीति रास्वपाले लिएको छ । भ्रष्टाचार नियन्त्रण गर्न राजस्व अनुसन्धान र अनुगमन गर्ने चार्टर्ड एकाउण्टेण्टको बाहुल्य रहेको दक्ष पेशागत इकाइ निर्माण गर्ने नीति रास्वपाले वाचापत्रमार्फत लिएकाले सरकारको नीति सोही अनुसार हुने देखिन्छ । रास्वपाले आमनागरिकको पसिनाको कमाइ सुरक्षित गर्न सरकार गठन भएको १०० दिनभित्र साना वचतकर्ताको वचतखातामा फिर्ता सुरु गर्ने घोषणा गरिसकेकेको छ ।

यसका लागि वचतकर्ताको कमाइ सुरक्षित गर्न राज्यको तर्फबाट एक 'एकीकृत वचत सुरक्षा कोष' स्थापना गर्नै, जसले संकटग्रस्त संस्थाका वचतकर्तालाई प्राथमिकताका आधारमा साना वचतकर्तादेखि भुक्तानी दिने व्यवस्था गर्ने रास्वपाको तयारी छ । 'हाम्रो उद्देश्य सञ्चालकहरुलाई जेलहाल्नु मात्र होइन, बरु वचतकर्ताको पैसा फिर्ता गराउनु हो । त्यसैले, 'थुनेर होइन, सुनेर' समाधान गर्ने नीति अनुरुप यदि कुनै सहकारी वित्तीय संस्थाका सञ्चालक वा व्यवस्थापनपक्ष वचतकर्ताको रकम फिर्ता गर्न तयार छन् र उनीहरुसँग भरपर्दो स्रोत एवं योजना छ भने, 'मिलापत्र' का लागि कानूनी बाटो प्रशस्त गरिदिनेछौं । यस्तो अवस्थामा वचत फिर्ताको पूर्ण ग्यारेन्टी र समयसीमा तोकेर उनीहरूलाई थुनाबाहिरै रहेर सम्पत्ति परिचालन र ऋणअसुली गर्ने अवसर दिनेछौं,' उसले वाचापत्रमा भनेको छ ।

**के छ मुलुकको आर्थिक अवस्था ?**

रास्वपाले अब केही दिनमै दुईतिहाई बहुमतको आफ्नै सरकार बनाउँदा मुलुकको ढुकुटीको अवस्था भने खासै सन्तोषजनक देखिँदैन । हालै जारी नेपाल राष्ट्र बैंकको 'समष्टिगत आर्थिक प्रतिवेदन-२०२६' बैकिङ प्रणालीमा तरलता प्रशस्त भएपनि लगानीको वातावरण कमजोर छ । जसकारण निजीक्षेत्रतर्फ कर्जाप्रवाह सुस्त देखिएको छ । आर्थिक वर्ष २०८२/८३ को छ महिना बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ५.७ प्रतिशत अर्थात चार खर्ब १७ अर्ब ४८ करोडले बढेर ७६ खर्ब ८१ अर्ब ३५ करोड रुपैयाँ पुगेको छ । कर्जा प्रवाह हुन नसक्दा १२ खर्ब रुपैँयाँभन्दा बढी निक्षेप बैंक तथा वित्तीय संस्थामा थुप्रिएर बसेको छ ।

यता सरकारले अपेक्षित रुपमा राजश्व उठाउन सकिरहेको छैनभने बजेट पनि खर्चगर्न सकेको छैन । अर्थ मन्त्रालय मातहतको महालेखा नियन्त्रक कार्यालयकाअनुसार सरकारले १५ खर्ब ३३ अर्ब भन्दा बढि आम्दानी गर्ने चालु वर्षमा लक्ष्य राखेकोमा हालसम्म जम्मा ७ खर्ब ३५ अर्ब मात्रै आम्दानी गरेको छ । आम्दानी भन्दा खर्च चर्को छ । अहिलेसम्म सरकारले कुल बजेटबाट ८ खर्ब ९३ अर्ब भन्दा बढी बजेट खर्च गरिसकेको छ । यसले आगामी दिनमा आउने सरकारलाई स्रोतको चर्को चापपर्ने देखिन्छ । रास्वपाले घोषणा गरेका वाचापत्र कार्यान्वयन गर्न ठूलो आर्थिक अभाव हुने देखिन्छ ।

## मकवानपुरको समानुपातिक तर्फको मतगणना सम्पन्न

# दुबै क्षेत्रमा रास्वपालाई बढी मत



साझाकुरा संवाददाता

हेटौंडा, २६ फागुन/ मकवानपुरका दुईवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा समानुपातिकतर्फको पनि मतगणना सम्पन्न भएको छ ।

मंगलबार बिहान सम्पन्न मतगणनाको परिणामअनुसार दुबै क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सबैभन्दा बढी मत प्राप्त गरेको छ । दुवै क्षेत्रमा रास्वपाले समानुपातिकतर्फ कुल ७३ हजार ६ सय ९२ मत प्राप्त गरेको छ । यहाँ रास्वपाले प्रत्यक्षतर्फभन्दा पनि समानुपातिकतर्फ बढी मत ल्याएको देखिएको छ । निर्वाचन क्षेत्र नम्बर १ मा रास्वपाले ३९ हजार ८ सय ३४ मत प्राप्त गरेको छ । यस क्षेत्रमा बासुरी चुनावचिन्ह रहेको राष्ट्रिय परिवर्तन पार्टीले दोस्रो स्थानमा रहँदै १५ हजार ७० मत ल्याएको छ ।

त्यसैगरी, नेकपा एमालेले ११ हजार २ सय २७, नेपाली कांग्रेसले १० हजार ७ सय ७६, नेकपाले ८ हजार ४ सय ६७ मत प्राप्त गरेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले ४ हजार ७३ मत पाएको छ भने हर्क साम्पाङ नेतृत्वको श्रमसंस्कृति पार्टीले १ हजार ६ सय २४ मत प्राप्त गरेको छ । यसक्षेत्रमा समानुपातिकतर्फ कुल ९६ हजार ४ सय ५८ मत खसेकोमा ९३ हजार ७१ मत सदर भएको थियो । त्यस्तै, निर्वाचन क्षेत्र नम्बर २ मा पनि रास्वपा ३३ हजार ८ सय ५८ मत ल्याउँदै पहिलो स्थानमा रहेको छ ।

यसक्षेत्रमा नेकपा एमाले दोस्रो स्थानमा रहँदै १६ हजार ४ सय ७३ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । एमालेको पकड क्षेत्रको रुपमा चिनिँदै आएको क्षेत्र नम्बर २ मा यसपटक प्रत्यक्ष र समानुपातिक दुवैतर्फ एमाले दोस्रो स्थानमा सीमित भएको छ । मतपरिणामअनुसार नेपाली कांग्रेसले १२ हजार ८ सय ६३, नेकपाले ९ हजार ४ सय ३१, राप्रपाले १ हजार ५ सय ४ र श्रमसंस्कृति पार्टीले १ हजार ४ सय ६७ मत प्राप्त गरेका छन् ।

प्रत्यक्षतर्फको अन्तिम मतपरिणाम भने आइतबार नै सार्वजनिक भइसकेको थियो । प्रत्यक्षतर्फ मकवानपुरका दुबै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी भएका छन् । क्षेत्र नम्बर २ मा समानुपातिकतर्फ कुल ९१ हजार ८ सय ८ मत खसेकोमा ८७ हजार ७ सय ३८ मत सदर भएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

# नेप्सेको अस्वभाविक उतारचढाव रोक्ने 'सर्किट ब्रेकर' व्यवस्था खुकुलो बनाइँदै

काठमाडौं/नेपाल धितोपत्र बोर्डले सेयर बजार परिसूचक (नेप्से)मा उच्च अंकको उतारचढाव नियन्त्रण गर्ने (सर्किट ब्रेकर) सम्बन्धी व्यवस्थालाई खुकुलो बनाउने भएको छ । बोर्डले धितोपत्र बजारको सकारात्मक माहोललाई थप बलियो बनाउन लगानीकर्ताको माग अनुसार सर्किट ब्रेकर सम्बन्धी व्यवस्थाको सीमा बढाउने तयारी गरेको हो ।

जेनजी आन्दोलनपछि बनेको सरकारका अर्थमन्त्री रामेश्वर खनालको पहलमा सेयर बजार सुधार सुझाव कार्यदल गठन भएको थियो । धितोपत्र बोर्डका कार्यकारी निर्देशक रूपेश केसीको संयोजकत्वमा गठित कार्यदलको सुझाव अनुसार सर्किट ब्रेकर सम्बन्धी व्यवस्था थप खुकुलो बनाउन लागेको बोर्डका अध्यक्ष सन्तोष नारायण श्रेष्ठले बताए । कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न बोर्ड सक्रिय भएर लागेको बताउँदै श्रेष्ठले भने, 'सेयर लगानीकर्ताको मनोबल बढाउन गर्नुपर्ने आवश्यक अन्य काम पनि गर्ने तयारीमा छौं ।'

सर्किट ब्रेकरको सन्दर्भमा नीतिगत व्यवस्था तथा अन्य थप अभ्यास अनुसरण गर्ने भन्ने सन्दर्भका धेरै विकल्पमा छलफल भइरहेको उनले बताए । 'आगामी केही दिनमै सर्किट ब्रेकरको सीमा खुकुलो हुन्छ,' श्रेष्ठले भने, 'सर्किट लाग्ने सीमा बढाउने वा मार्केट हल्ट समय घटाउनेमध्ये एक मात्र वा दुवै पुनरावलोकन हुन सक्छ ।' सर्किट सम्बन्धी नीतिगत व्यवस्था तथा अभ्यासलाई परिवर्तन गरी व्यवहारिक बनाउने भन्ने सन्दर्भमा छलफल भएको श्रेष्ठले बताए ।

सर्किट ब्रेकर सम्बन्धमा बोर्ड र नेप्से गहन छलफलमा रहेको बोर्डका अर्का अधिकारीले बताए । 'मंगलबार पनि धितोपत्र बोर्डमा सोही विषयमा छलफल भएको छ,' ती अधिकारीले भने, 'अहिलेसम्म नयाँ सीमा तथा व्यवस्थाबारे टुङ्गो लागेको छैन, अहिले छलफलको क्रममा २/३ विकल्पहरू आएका छन् ।' ती अधिकारीका अनुसार सर्किट ब्रेकर नेप्से सूचक भन्दा पनि फ्लोट परि सूचकमा प्रयोग गर्नुपर्ने कार्यदलले सुझाएको छ । यो पनि एउटा विकल्पको रुपमा छलफल भएको उनले बताए ।

अहिले कारोबारको पहिलो एक घण्टा भित्रमा ४ प्रतिशत नेप्से बढेमा वा घटेमा पहिलो सर्किट ब्रेक लाग्छ र कारोबार २० मिनेट स्थगित हुन्छ । त्यस्तै दोस्रो पटक खुलेको बजारमा ५ प्रतिशत नेप्से बढेमा वा घटेमा दोस्रो सर्किट ब्रेक लाग्छ र ४० मिनेटसम्मका लागि कारोबार स्थगित गरिन्छ । त्यसपछि खुलेको बजार सूचकमा ६ प्रतिशतको वृद्धि वा गिरावट भएको खण्डमा दिनभरीका लागि कारोबार बन्द गर्ने अभ्यास छ ।

पहिलो र दोस्रो सर्किटपछि 'इन्टरभल' समयमा राखिएको छ । सो समयपछि मात्रै कारोबार हुने गर्छ । सर्किट ब्रेक लाग्ने दरको सीमा ४, ६, ८ प्रतिशतमा जानेबारे पनि छलफल भएको बोर्डका अधिकारी बताउँछन् । 'अहिले पहिलो सर्किटमा २० मिनेट र त्यसपछि ४० मिनेट होल्ड गर्ने र त्यसपछिको सर्किटमा त्यस दिनका लागि कारोबार बन्द गर्ने व्यवस्थालाई पनि पुनरावलोकन गर्ने विकल्पमा छलफल भएको छ' उनले भने ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा ५० वटा देशको ५० थरी अभ्यास छ । कुनैमा एउटा मात्रै सर्किट लाउने गरेको छ भने कुनैमा घट्दा लाउने बढ्दा नलाउने अभ्यास पनि रहेको उनले बताए । छलपलमा बोर्ड तथा नेप्सेका अधिकारीले विभिन्न विकल्पमा छलफल भएपनि यहाँ अपनाइने निश्चित अभ्यासबारे सहमति नभएको बताए । लगानीकर्ताको मनोबल बढाउन कार्यदलले सुझाएका र लगानीकर्ताले माग गरेका विषयलाई सम्बाधेन गर्ने क्रममा सर्किट ब्रेकरको सीमा पुनरावलोकनको काम अघि बढेको बोर्डका अध्यक्ष श्रेष्ठ बताउँछन् ।

धितोपत्र बजारमा सर्किट ब्रेकरको प्रयोग हुने अवस्था विरलै हुनुपर्ने उनले बताए । 'नेपालको सन्दर्भमा सर्किट ब्रेकरको प्रयोग बढी भएको छ,' ती अधिकारीले भने, 'दिनदिनै २/३ पटक लगाउने हुनु हुँदैन।' यसको प्रयोग ऐतिहासिक घटनामा मात्रै प्रयोग गर्नुपर्ने अवस्था बन्नुपर्छ ।' कुनै नयाँ मन्त्री आउँदैछ वा मौद्रिक नीतिमा नयाँ व्यवस्था आउँदैछ भन्दैमा सर्किट प्रयोग हुने अवस्था सिर्जना हुन नहुने उनको भनाइ छ ।

खासगरी फागुन २१ को निर्वाचनको परिणामपछि सोमबार खुलेको सेयर बजार सर्किटका करण ३ मिनेट मात्र कारोबार भएर बन्द भयो । त्यसै कारणले पनि बोर्डले नेप्सेलाई सो सन्दर्भमा पुनरावलोकन गर्न भनेर छलफलमा बोलाएको थियो । 'सोमबार नेप्सेमा ३ मिनेट मात्रै कारोबार भएर कसलाई फाइदा भयो त ?' ती अधिकारीले प्रश्न गर्दै भने, 'त्यसको समाधान गर्नेगरी धितोपत्र बोर्ड र नेप्से उच्च पदाधिकारीले मंगलबार बार्डमा छलफल गरेका हुन्, सर्किट सीमा पुनरावलोकनका लागि अब लामो समय लाग्दैन ।'

हालका सर्किट ब्रेकर सम्बन्धी व्यवस्था कारोबार विनियमावलीको विनियम १७ मा उल्लेख छ । सेयर बजार तीव्र गतिमा उकालो लाग्दा व ओरालो लाग्दा लगानीकर्तालाई धेरै असर नपरोस् भन्नका लागि निश्चित प्रतिशतको उतार चढावमा कारोबार स्थगन गर्ने प्रणाली नै सर्किट ब्रेक हो । समग्र सूचकको हकमा सर्किट ब्रेकर प्रयोग हुन्छ भने कम्पनीको सेयर मूल्यको हकमा १० प्रतिशतसम्मको उतारचढाव सीमा तोकिएको छ ।

*(स्रोत: अनलानखबर)*




# हिमाली जिल्लामा 'घण्टी'को आवाज मधुरो

काठमाडौं/प्रतिनिधि सभा निर्वाचन २०८२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अभूतपूर्व जित हासिल गरेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अर्थात प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ रास्वपाले १२५ सिट जितेको छ । प्रत्यक्षतर्फ रहेका १६५ मध्ये बाँकी रहेका ४० सिटहरू नयाँ र पुराना दलहरूको खातामा गएका छन् । निर्वाचन आयोगका अनुसार १८ सिटमा नेपाली कांग्रेस विजयी हुँदा नेकपा एमालेले नौ र नेपाली कम्युनिस्ट पार्टीले सात सिटमा जित हात पारेको छ ।



२१ फागुनको निर्वाचन भन्दा चार महिना अघिमात्रै निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएको नयाँ दल श्रम संस्कृति पार्टीले तीन निर्वाचन क्षेत्रमा जित निकाल्दा एक स्थानमा स्वतन्त्र उम्मेदवार (महावीर पुन) विजयी भएका छन् । राजसंस्था र हिन्दु राष्ट्रको वकालत गर्दै आएका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) एक स्थानमा विजयी हुँदा तराई-मधेशकेन्द्रित दलहरू जित निकाल्न असफल भएका छन् । मधेश प्रदेशको धनुषा-१ को नतिजा भने अनिर्णित छ ।

७ असार, २०७९ मा विधिवत स्थापना भएको रास्वपाले चार वर्ष नपुग्दै निर्वाचनमार्फत् अभूतपूर्व इतिहास बनाएको छ । उसले संघीय राजधानी रहेको प्रदेश बागमतीका ३३ निर्वाचन क्षेत्रमध्ये ३१ सिटमा जिते निकालेको छ । यस्तै मधेश प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये ३० क्षेत्रमा रास्वपाले पार्टीको घण्टी अंकित निलो झण्डा फहराएको छ । यहाँ नेपालको पुरानो दल नेपाली कांग्रेस मात्र एक सिटमा चित्त बुझाउन बाध्य भएको छ ।

निर्वाचन परिणाम अनुसार रास्वपाले मधेश प्रदेशमा मात्रै नभएर छिमेकी मुलुक भारतसँग सीमा जोडिएका अधिकांश जिल्ला र ठूला सहर भएका जिल्लामा अकल्पनिय जित निकालेर विपक्षी दलहरूलाई चकित पारेको छ । तर, उत्तरी छिमेकी मुलुक चीनसँग सीमा जोडिएका हिमाली जिल्लाहरूमा भने रास्वपाको उपस्थिति देशका अन्य भागको तुलनामा कमजोर देखिएको छ । उत्तरी छिमेकी मुलुक चीनसँग नेपालका पाँच प्रदेशका सीमा जोडिएका १५ वटा जिल्लाहरू छन् ।

ती १५ जिल्लाका १८ निर्वाचन क्षेत्रहरूमध्ये रास्वपा छ निर्वाचन क्षेत्रमा मात्रै विजयी भएको छ । अन्य क्षेत्रको तुलनामा ती जिल्लाहरूमा कमजोर नतिजा आउनुको कारण के हो ? समाजशास्त्री डा. दीपेश घिमिरे भन्छन्, 'यसको महत्वपूर्ण कुरा मलाई के लाग्छ भने इन्टरनेटको पहुँच हो । पहाड र तराईमा जुन किसिमको इन्टरनेटको पहुँच छ, हिमाली जिल्लामा त्यो तहमा थिएन । सुदूरपश्चिम र कर्णालीमा यसले काम गरेको हो ।'

उनी पूर्वी हिमाली जिल्लामा रास्वपाको प्रभाव कम पर्नुमा इन्टरनेटको पहुँचसँगै हर्क साम्पाङ फ्याक्टर पनि कारण रहेको बताउँछन् । 'पूर्वी हिमाली जिल्लामा प्रभाव प्रभाव कम पार्ने एउटा फ्याक्टर हर्क साम्पाङ हुन्,' घिमिरेले भने, 'हर्कको आफ्नो समुदायमा जुन किसिमका प्रभाव र ह्यो र बालेनसँगको जुन तहको टकराव देखिएको थियो, त्यसले पनि फरक पाऱ्यो । तर, त्यहाँ पनि एउटा फ्याक्टर इन्टरनेट पहुँच नै हो ।'

क्वालिटी इन्टरनेट, ब्रोडब्यान्ड सर्भिस, फोरजी पुगेको ठाउँमा राम्रो प्रभाव देखिएका उनको भनाइ छ । समाजशास्त्री घिमिरेले जुम्लाको उदाहरण दिँदै भने, इनटर नेटको सहज पहुँच नपुगेको क्षेत्र, जस्तो जुम्लामा हेर्दा रास्वपाले चार सय-पाँच सय पनि कटाएको छैन । अरूमा ठाउँम पनि यस्तै-यस्तै छ । त्यसको कारण इन्टरनेट सुविधा नै हो भन्ने लाग्छ मलाई ।'

जनसंख्याविद् प्रा.डा. योगेन्द्र गुरूङ पनि उच्च हिमाली जिल्लामा रास्वपाको उपस्थिति कमजोर देखिनुमा सञ्चारमाध्यम र सामाजिक सञ्जाललाई नै कारण मान्छन् । 'रास्वपाको चुनाव प्रचार -प्रसारदेखि लिएर सबै कुराहरू सिधै मास कम्युनिकेसनसँग सम्बन्धित छन्,' उनले भने, 'त्यो भनेको सोसल मिडियाहरू, मास मिडिया जहाँ बढी प्रयोग हुन्छ, त्यहाँ राम्रो प्रभाव पऱ्यो ।'

हिमाली क्षेत्रमा सामाजिक सञ्जालको प्रयोग कम हुने भएकाले रास्वपाको प्रभाव कम देखिएको जनसंख्याविद् गुरूङको भनाइ छ । 'हिमाली क्षेत्रमा सोसल मिडियाहरू, मास मिडियाको प्रयोग कम छ । प्रभाव कम पऱ्यो,' उनले भने, 'हिमाली भेगमा जनता कि त हाइली मोबाइल छन् । उनीहरू संसारभरी कता घुमिरहेका छन्, बिजनेसमा छन् । कि त यसरी लोकलाइज छन् कि अरू बाहिरी संसारसँग टच नै हुँदैनन् । त्यो ठाउँमा ठूला सहर पनि छैनन् ।'

उच्च हिमाली जिल्लाहरूको नतिजाबारे रास्वपाका प्रवक्ता तथा नवनिर्वाचित प्रतिनिधिसभा सदस्य मनिष झाले संचारकर्मीसँगको प्रतिक्रियामा पार्टीको सन्देश मतदाता सामु पुऱ्याउन नसक्नुको परिणाम भएको बताएका छन् । 'हामीले हाम्रो म्यासेज पुऱ्याउन सकेनौं । हामीले घरदैलो, ऱ्याली, रोड शोहरू पुऱ्याउन सकेनौं,' उनले भने, 'पुऱ्याउन गाह्रो भयो । हाम्रो आफ्नै क्याम्पेनिङको कमजोरी हो त्यो ।' प्रवक्ता झाले उच्च हिमाली जिल्लाका मतदातालाई दोष दिन नमिल्ने बताए । मतपरिणामबारे कमजोरी स्वीकार गरेर स्वमूल्याङ्कन गर्नुपर्ने पनि उनको भनाइ छ । 'मतदातालाई दोष दिन मिल्दैन । मतदाताहरू सबैतिर सचेत हुनुहुन्छ,' उनले भने, 'हामीले सेल्फ रिअलाइजेसन गर्नुपर्छ । सेल्फ भ्यालेएसन गर्नुपर्छ कि हामी त्यहाँसम्म अझै प्रभावकारीरूपमा पुग्न सकेनौं भनेर ।'

**उच्च हिमाली जिल्लाको मतपरिणाम**

कोशी प्रदेशका १४ जिल्लामध्ये तीन जिल्ला ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बु उत्तरी सीमासँग जोडिएका जिल्ला हुन् । मतपरिणामअनुसार संखुवासभामा पुराना दललाई कडा टक्कर दिए पनि ताप्लेजुङ र सोलुखुम्बुमा रास्वपाको उपस्थिति कमजोर देखिएको छ । ताप्लेजुङमा नेकपा एमालेका ३८ वर्षीय क्षितिज थेबे प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् । उनी निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका गजेन्द्रप्रसाद तुम्याङलाई दुई हजार बढी मतले पछि पार्दै विजयी भएका हुन् । थेबे १३ हजार ९६२ मत ल्याएर निर्वाचित हुँदा तुम्याङले ११ हजार ७११ मत पाएका छन् । यहाँ रास्वपाका उम्मेदवार विरेन्द्र श्रेष्ठ पाँचौं भएका छन् ।

श्रेष्ठले चार हजार १५५ मत प्राप्त गरेका छन् । तेस्रो भएको नेपाली कम्युनिस्ट पार्टीका खेलप्रसाद बुडाक्षेत्री छ हजार ७७५ र चौथो भएका श्रम संस्कृति पार्टीका सन्तोष राईले पाँच हजार २०९ मत ल्याएका छन् । संखुवासभामा पनि एमालेका अर्जुनकुमार कार्की विजयी भएका छन् । उनी रास्वपाका उम्मेदवार मिङमा शेर्पालाई ६३६ मतको झिनो अन्तरले हराउँदै प्रतिनिधि सभा सदस्य बनेका हुन् ।

कार्कीले १५ हजार ६३६ र शेर्पाले १५ हजार मत पाएका छन् । यहाँ कांग्रेस उम्मेदवार दिपनकुमार श्रेष्ठले १३ हजार २७१ र श्रम संस्कृति पार्टीकी उम्मेदवार उमाकुमारी राईले नौ हजार ८७५ मत ल्याएका छन् । कोशीको अर्को हिमाली जिल्ला सोलुखुम्बुमा कांग्रेसका उम्मेदवार प्रकाशसिंह कार्की विजयी भएका छन् । उनी १३ हजार १६६ मतसहित विजयी हुँदा निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिस्ट पार्टीका अशिम राईले नौ हजार ४१४ मत पाएका छन् ।

सोलुखुम्बुकमा तेस्रो स्थानमा आएको एमालेकी कल्पना राईले आठ हजार २२८, रास्वपाका ऋधिधन थुलुङ राईले तीन हजार ६४२ र श्रम संस्कृति पार्टीका वियस राई तीन हजार ३६३ मत ल्याएका छन् । बागमती प्रदेशका १३ जिल्लामध्ये चार जिल्लाहरू उत्तरी सीमासँग जोडिएका छन् । अन्य प्रदेशका हिमाली जिल्लाहरूको चुलनामा बागमतीका दोलखा, सिन्धुपाल्चोक, रसुवा र धादिङमा रास्वपाको उपस्थिति बलियो देखिन्छ । जसमध्ये दोलखा, सिन्धुपाल्चोक-१ र धादिङका दुवै क्षेत्रमा रास्वपाका उम्मेदवारहरू निर्वाचित भएका छन् । दोलखामा रास्वपाका जगदीश खरेल ३२ हजार ३७६ मत ल्याएर निर्वाचित भएका छन् ।

*(स्रोत: अनलानखबर)*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना